# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# रामग्राम नगरपालिका, नवलपरासी पश्चिम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**सामाजिक लेखा बिभाग**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या :-२०७६/७७
च.नं :-५९

मिति: २०७७/०३/२९


श्री नगर प्रमुखज्यू,
रामग्राम नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी,पश्चिम ।

**विषय :- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २९ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक लेखा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या :- २०७६।०७७

च.नं :-५९

मितिः २०७७।०३।२९

श्री नगर प्रमुखज्यू,
रामग्राम नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी,पश्चिम ।

**विषय :- लेखापरीक्षण प्रतिवेदन ।**

## कैफियत सहितको राय

हामीले रामग्राम नगरपालिका आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आय ब्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु ३ करोड ६३ लाख ४८ हजार बेरुजू देखिएको छ । सोमध्ये असूल गर्नुपर्ने रु २९ लाख २७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ११ लाख ६१ हजार नियमित गर्नुपर्ने रु. २ करोड ६ लाख ९२ हजार र पेश्की बाँकी रु १५ लाख ६७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/१०/२४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराका अन्तीम प्रतिवेदन पाना २७ (सत्ताईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्नेआधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# रामग्राम नगरपालिका, नवलपरासी ।

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न २०७३ फाल्गुनमा यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु मुख्य उद्देश्य रहेको छ । प्रदेशनं. ५ मा अवस्थित यस गाउँपालिका अन्तर्गत १८ वटा वडाहरु रहेका छन् । गाउँसभा सदस्य ९५ रहेको यस गाउँपालिकाको १२८.३२ व.कि.मी. क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०६८ अनुसार जम्मा ५९४५५ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७५।७६ को संचितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४०३४०२०५.७१ | १ | **चालु खर्च** | ३४९३४०४७१.३२ | **३४९३४०४७१.३२** |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १५९०८९३०२.०० | **१५९०८९३०२.००** |
| | ख) बैक | ४०३४०२०५.७१ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **१३९१२२३८३.३२** | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ४५७३३२३७.८३ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ९३३८९१४५.४९ | | | ग) अन्य भुक्तानी | | |
| | संघिय सरकार | | | ४ | **लगानी** | | |
| | प्रदेश सरकार | | | | ऋण लगानी | | |
| | ग) अन्य आय | | | | शेयर लगानी | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **४३१५१२२६१.८९** | | अन्य लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | १६२८००००.०० | | ५ | **धरौटी फिर्ता** | ७६८६३४४.२० | **७६८६३४४.२०** |
| | ख) सशर्त अनुदान | २६८७१२२६१.८९ | | ६ | **कोष खर्च** | ७०९७५८६.०० | **७०९७५८६.००** |
| | ग) समपूरक अनुदान | | | ७ | **अन्य विविध व्यय** | | |
| | घ) विशेष अनुदान | | | ८ | मौज्दात | | **१४३७५६००५.७६** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **१२५३२०००.००** | | क. नगद मौज्दात | | |
| | क) वित्तीय समानीकरण अनुदान | ५०३२०००.०० | | | ख. बैंक मौज्दात | | |
| | ख) सशर्त अनुदान | ७५०००००.०० | | | सञ्चित कोष | ११५०७७०७७.६० | |
| | ग) समपूरक अनुदान | | | | विभिन्न कोष मौज्दात | १४२७५९८४.९१ | |
| | घ) विशेष अनुदान | | | | धरौटी खाता | १३४७६८०२.४५ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | कर्मचारी कल्याणकोष | ९२६१४०.८० | |
| ७ | **विभिन्न कोषतर्फको आय** | २१३७३५७०.९१ | **२१३७३५७०.९१** | | | | |
| ८ | **जनसभागिता –नगद** | | | | | | |
| ९ | **धरौटी आय** | २११६३१४६.६५ | **२११६३१४६.६५** | | | | |
| १० | **अन्य विविध आय** | ९२६१४०.८० | **९२६१४०.८०** | | | | |
| | **जम्मा** | | ६६६९६९७०९.२८ | | **जम्मा** | | ६६६९६९७०९.२८ |

| सि.न. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा दाखिला -** लेखापरीक्षणले औंल्याएपछि अवकास र सरुवा शिक्षक तलबमा बढी निकासा दिएको रु.२,९१,९४२।- र सामाजिक सुरक्षा भत्ता बापत रु. ६,०००।-समेत रु.२,९७,९४२।- सञ्चितकोष दाखिला भएको छ । | |
| १. | **आय विवरण** - गाउँपालिकाको आय–व्यय विवरण तयार गर्दा बैंक हिसाव विवरण, शीर्षकगत तथा एकीकृत आर्थिक विवरण तयार गर्नुपर्ने एवम् लेखा नीति तथा ढाँचा अवलम्बन गर्नुपर्नेमा सो अनुसार वित्तीय विवरण तयार भएको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| १.१. | **रकमान्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ मा कार्यपालिकाले स्वीकृत बजेटको अधिनमा रही कुनै शीर्षकवाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । कार्यालयले तेस्रो नगरसभा २०७५।३।८ बाट पारिश्रमीक कर्मचारी शीर्षकमा रु. ३,९९,५४,८००।- विनियोजन गरेकोमा मिति २०७५।८।१४ चौथो नगरसभावाट मा रु. १,०६,२४,०००।- रकमान्तर गरेकोले कानूनको सीमा २५ भन्दा बढी अर्थात् २६.५९ प्रतिशत गरेकोले सीमाभन्दा बढी रकमान्तर गरेको रु. ६,३५,२८१।- नियमसम्मत नदेखिएको रु. | ६,३५,२८१/- |
| १.२. | **लेखा नीति :-** नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय–व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तीय विवरणको तयारी तथा स्वीकृति गर्नुपर्नेमा सो तयार गरेको पाइएन । | |
| १.३. | **एकिकृत आय-व्यय विवरण -** कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । जस्तै नगरपालिकाको एकीकृत आय-व्यय विवरण सूत्र प्रणालीवाट तयार हुने गरेको छैन । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २. | **लक्ष्य प्रगति-**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ । | |
| ३. | **चौमासिक खर्च :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाँउपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु. १५,९०,८९,३०२/- मध्ये तेश्रो चौमासिकमा रु.१४,१३,८०,८००।- र आषाढ महिनामा रु.९,०४,०६,४०३।- खर्च भएको पाइयो । उपर्युक्त तथ्याङक अनुसार तेस्रो चौमासिकमा कूल खर्चको ८८.८७% र आषाढमा ५६.८३% खर्च भएको देखियो । त्यस्तै खर्चको विश्लेषण गर्दा सुत्र सफ्टवेयरवाट असारको अन्तिम ५ दिनको खर्च रु. ४,९२,९४,७३८।- मा ३०.९८ प्रतिशत खर्च गरेको देखिन्छ । अत: आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्याकंन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ । | |
| ४. | **सेवा प्रवाह** - सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण ,सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो | |

| | | |
|---|---|---|
| | को विवरण , खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।<br>कार्यालयले पेश गरेको विवरण अनुसार यसवर्ष ७७४ नागरिकता सिफारिश, ३४६ नाता प्रमाणित, १२०१ घरबाटो सिफारिश, १३९ घरनक्सा पास ४९८ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सीमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| ५. | **कर्मचारी व्यवस्था** - निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी १२४ रहेपनि पदपूर्ति ८७रहेको देखियो । इञ्जिनीयर सहित ३७ पद रिक्त रहेका छन । पदपुर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ । | |
| ६. | **निवेदन फछ्र्यौट** - स्थानीय जनतालाई नजिकको निकायबाट न्याय सम्पादन गर्ने उद्देश्यले स्थानीय नगरपालिकाको न्यायिक समितिबाट छिटो निवेदन फछ्र्यौट गरी शीघ्र न्याय दिनको लागि परेका निवेदन तथा उजुरी समयमै फछ्र्यौट हुनु पर्दछ । आर्थिक बर्ष २०७५।७६ सम्म न्यायिक निर्णयको लागि ६० निवेदन परेकोमा ४७ फछ्र्यौट भई १३ बाँकी रहेको पाइयो । न्यायिक समितिमा परेका निवेदन शीघ्र फछ्र्यौट गर्न सम्बद्ध पक्षको ध्यान जानुपर्ने देखिन्छ । | |
| ७. | **आन्तरिक नियन्त्रणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायांलयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>१) आर्थिक विवरण - आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७६ पौष) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ ।<br>२) कार्यविवरण - कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा नदिएकोले कार्य विवरण समेत तयार गरी अधिकार र जिम्मेवारी दिनुपर्ने देखिन्छ ।<br>३) अभिलेख- कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।<br>४) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।<br>५) निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा कतिपय योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ ।<br>६) वास्तविक सेवा प्रवाहवाट सेवाग्राहीले प्राप्त गरेको सन्तुष्टि, सेवा प्रवाहको सुधार सम्बन्धी क्रियाकलाप गरेको देखिएन ।<br>७) सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेपनि खरिद योजनाको पूर्ण पालना गरी खरिद कार्य गरेको देखिएन ।<br>८) कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आन्तरिक लेखापरीक्षण नगराएको ।<br>९) जिन्सी दाखिला गर्दा जिन्सी दाखिला नं., सामानको स्पेशिफिकेशन सप्लायर्स | |

| | | |
|---|---|---|
| | फर्मको नाम सहित विवरण खुलाएर मूल्य अभिवृद्धि कर सहितको मूल्य जिन्सी खातामा अद्यावधिक गर्नुपर्नेमा गरेको छैन ।<br>१०) खर्च भएर नजाने जिन्सी किताब एक भन्दा बढी राखी पोष्टिङ गर्ने गरेको ।<br>११) जिन्सीको गन्ती गरेतापनि सोको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन ।<br>१२) वडाबाट खरिद गरेका जिन्सी सामानहरुको खरिद आदेश र दाखिला फारममा वडाध्यक्षले प्रमाणित गर्ने गरेको ।<br>अत : आन्तरिक नियन्त्रण प्रणाली र कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ८. | **आन्तरिक लेखापरीक्षण** -आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा -ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिना भित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलब्ध गराउनु पर्ने उल्लेख छ । कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपरासीले यस कार्यालयको चौमासिक रुपमा लेखापरीक्षण गरेतापनि बार्षिक लेखापरीक्षण प्रतिवेदन जारी गरेको छ । चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्नुपर्दछ । | |
| ९. | **कन्टिन्जेन्सी खर्च अभिलेख–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन । कार्यालयवाट यस बर्ष रु.२७,०२,८०४/- कन्टिन्जेन्सी खर्च भएकोमा नियमावलीमा व्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ । | |
| १०. | **राजश्व अभिलेख -** कार्यालयले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेकोले स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला एकिन हुन सकेन । गाउँपालिकाले यस सम्बन्धमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| ११. | **व्यवसाय कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत अद्यावधिक गरेको पाईएन । गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | **योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा** | |
| १२. | **निर्माण कार्यको गुणस्तर -** खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । जसअनुसार खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनु पर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि योवर्ष गाउँपालिका कोष पूँजीगतवाट रु. १५,९०,८९,३०२।- निर्माण कार्यको लागि खर्च गरेकोमा कुनैपनि योजनाको गुणस्तर परीक्षण गरेको पाईएन । निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ । | |
| १३. | **खरिद कारवाही अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको | |

| | | |
|---|---|---|
| | माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अत: नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ । | |
| १४. | **विनियोजित बजेट अन्यत्र खर्च-** सभाले पारित गरेको कार्यक्रम र बजेटको सीमाभित्र रहेर कार्यालयले समयमै कार्य सम्पन्न गर्नुपर्दछ । तेस्रो नगरसभाले अटो भिलेज निर्माणको लागि जग्गा खरिद गर्ने योजना तथा कार्यक्रमको लागि रु. १ करोड बजेट विनियोजन गरेकोमा २०७५।८।१२ गतेको नगरकार्यपालिकाको बैठकवाट प्रक्रिया पुर्‍याएर योजना तथा काम सम्पन्न गर्न समय अभाव भएको निर्णय गरी ३१ योजना संचालन गर्ने गरी १ योजनामा रु. १० लाखको र बाँकी ३० योजनामा रु. ५ लाख भन्दा कमको विनियोजन गरेको छ । उक्त ३१ योजनाको लागि नपुग रकम समपुरक कोषवाट खर्च गर्ने गरी निर्णय भएको देखियो । सभाले पारीत गरेको कार्यक्रम सञ्चालन नगरी नगर कार्यपालिकाको बैठकवाट साना साना योजना बनाई कार्यान्वयन गर्ने गरी बजेट खर्च गर्ने प्रणालीको अन्त्य हुनुपर्दछ । | |
| १५. | **योजना परिवर्तन -** योजना तर्जुमा प्रक्रिया पुरा गरी सभावाट पारित योजना कार्यान्वयन गर्दा जुन योजनाको लागि बजेट विनियोजन भएको हो सोही योजना कार्यान्वयन गरिनु पर्दछ । प्राप्त विवरण अनुसार कार्यालयले यसवर्ष बिभिन्न वडातर्फ २५ योजनामा विनियोजन गरेको रु. ९०,६५,०००।- तोकिएको योजनामा कार्यान्वयन नगरी योजना संशोधन तथा परिवर्तन गरी ३५ वटा योजना र कार्यक्रम बनाई मिति २०७५।८।१२ को कार्यपालिकाको बैठकवाट वडाहरुबाट योजना संशोधन तथा परिवर्तन भई आएका योजना संशोधन गरी गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरी योजना परिवर्तन गरी कार्यान्वयन गरेको देखियो । स्वीकृत योजना कार्यान्वयन नगरी तथा संशोधन गर्नुपर्नाको कारण समेत उल्लेख नगरी कार्यपालिकावाट समर्थन गर्ने तथा सभावाट अनुमोदन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १६. | **मर्मत संभार कोष-** मर्मत संभार सम्बन्धी कार्यगर्दा सभाले मर्मत संभार कोषमा आवश्यक विनियोजन गरी स्वीकृत सिमा भित्र मर्मत संभार कोषवाट खर्च गर्ने कार्यविधि बनाई खर्च गर्नुपर्दछ । बित्तीय समानीकरण पूँजीगत कार्यक्रम शीर्षकमा नगर स्तरीय मर्मत सम्भारको लागि रु. १९ लाख ९७ हजार तथा १८ वडाको लागि ३३,१३,०००।- समेत १९ सडकको लागि कूल रु. ५३,१०,०००।- बांडफाँड गरेको छ । कार्यालयले बिभिन्न सडक मर्मत गरी खर्च लेखेकोमा नगरकार्यपालिकाको सिफारिश बमोजिम बाँडफाँड गरेको रकम खर्च हुन नसकेको भनी भौ.नं. १७३-०७६।२।२९ वाट रु. १०,००,०००।- र भौ.नं.३५०-०७६।३।३१ बाट रु. १०,६०,०००।- समेत रु. २०,६०,०००।- मर्मत सम्भार कोषमा ट्रान्सफर गरेको छ । मर्मत सम्भारको लागि खर्च गर्दा मर्मत सम्भार कोषमा विनियोजन गरी कोषवाटै खर्च लेख्नेतर्फ कार्यालयको ध्यान जानु जरुरी छ । | |
| १७. | **खर्च शिर्षक -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्दा बित्तीय समानिकरण अनुदानमा प्राप्त हुने रकमबाट पूँजिगत, चालु तथा कार्यक्रमगत रुपमा रकम विनियोजन गरिनुपर्दछ । गाउँसभाबाट मिति २०७५।३।८ मा नीति तथा कार्यक्रम पारित गर्दा बित्तीय समानीकरण अन्तर्गत प्राप्त बजेटबाट चालू र पूंजीगत शिर्षकमा छुट्याई विनियोजन गरेतापनि पूँजिगत शिर्षकबाट मेला, महोत्सव, खेलकूद, इन्धन, सरसफाई लगायत कार्यमा खर्च लेखेको छ । योजना तर्जुमा गर्दा चालु प्रकृतिका योजना तथा कार्यक्रमगत खर्चलाई सोही अनुसार विनियोजन गर्नेतर्फ | |

कार्यालयको ध्यान जानुपर्दछ । नमूना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले पूँजिगत शीर्षकबाट रु. १५,७५,१८०।- चालु प्रकृतिको कार्यमा खर्च गरेको देखियो । चालु प्रकृतिका खर्चका केही उदाहरण निम्नानुसार छन् ;

| भौ.नं. मिति | विवरण | रकम |
|---|---|---|
| ९-०७५/८/१६ | अन्तरविद्यालय खेलकूद कार्यक्रम | १००००० |
| ५०-०७५/१०/१५ | अन्तर्राष्ट्रिय बुद्धमार्टमा आएका पाहुना स्वागत खर्च | १२६४९४ |
| ८२-०७५/१२/२५ | स्वागतद्धार विष्णु पुराण महायज्ञ | ६००४९ |
| १७१-०७६/२/२८ | खेलकूद कार्यक्रम | ५०००० |
| १८८-०७६/३/५ | डष्टविन वितरण | १००००० |
| २३२-०७६/३/३० | बुद्धजयन्तिको अवसरमा बक्तृत्वकला प्रतियोगिता | १९०२५५ |
| २७३-०७३/३/२५ | सरसफाई | १००००० |
| २८८-०७६/३/२७ | खेलकूद सामग्री | १००११८ |
| २८९-०७६/३/२७ | अमरवन स्वास्थ्य चौकीको बिद्युत महसुल | ३००००० |
| ३०४-०७६/३/३० | नेपाल पत्रकार महासंघ आर्थिक सहायता | ६९७२५ |

१८. **योजना संशोधन** - योजना तर्जुमा प्रक्रिया पुरा गरी सभावाट पारित योजना कार्यान्वयन गर्दा जुन योजनाको लागि बजेट विनियोजन भएको हो सोही योजना कार्यान्वयन गरिनु पर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्नानुसारका योजनाहरु कार्यान्वयन गर्दा सभाले पारीत गरेको योजना भन्दा फरक पारी कार्यान्वयन गरेको देखिन्छ । एउटै योजनालाई टुक्रयाई बजेट विनियोजन गर्ने, एउटै योजनाको अलग अलग लागत अनुमान तयार गर्ने तथा सभाले परीत गरेको भन्दा फरक पारी कार्य गराएको उचित नदेखिएको रु. २०,९९,२३८/-

| भौ.नं मिति | सभाले पारित गरेको योजना | कार्यान्वयन भएको योजना | लागत अनुमान | सम्पन्न काम | भुक्तानी |
|---|---|---|---|---|---|
| ५७-०७५/११/२ | सडक वाटो व्यवस्थापन | सडक बत्ति व्यवस्थापन | १९९२३७ | १९९२३८ | १९९२३८ |
| १३९-०७६/२/८ | अहिरौली टोल विचको अधुरो नाला तथा कालोपत्रे | बाटो सुधार तथा सडक बत्ति जडान | १२३६५९० | १२५८२४२ | १००००० |
| २०४-०७६/३/१७ | अहिरौली टोल विचको अधुरो नाला तथा कालोपत्रे | बाटो सुधार अन्तर्गत ब्लक जडान तथा सडक वत्ति | १०६४३६६ | १०९०६२० | ९००००० |
| | | | | जम्मा | २०९९२ |

१९. **साना योजना -** सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट गाउँपालिकाले ५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट नगरी ठूला आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादन र छिटो प्रतिफल दिने जस्ता योजनामा बजेट विनियोजन तथा खर्च गर्नुपर्दछ । कार्यालयवाट प्राप्त विवरण अनुसार निम्न १५९ योजनाहरुमा रु. ३,६१,४९,०००।- विनियोजन भई खर्च भएको छ । अतः कार्यविधि तयार गरी ठूला तथा प्रतिफल दिने पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ ।

| सि.नं. | विवरण | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | सडक | ५३ | १३०१८००० |
| २ | सिंचाई | १२ | २७०९००० |
| ३ | अन्य योजना | ९४ | २०४२२००० |
| | जम्मा | १५९ | ३,६१,४९,०००/- |

२०. **सौर्यवत्ति जडान र वारेण्टी**ः सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद गर्नु पूर्व खरिद योजना वनाउनु पर्ने र खरिद योजना वनाउनु पहिले खरिद आवश्यकताको पहिचान हुनुपर्ने उल्लेख छ । कार्यालयले सौर्य प्यानल तथा सोसँग सम्बन्धित उपकरणहरुको खरिद गर्दा वोलपत्रमा स्पेशिफिकेशन सहित वारेण्टी अवधी खुलाई सो अवधि सम्मको त्रुटि सच्याउने जिम्मा लिनुपर्नेमा सो व्यवस्था गरेको पाइएन । त्यस्तै नवीकरणीय उर्जा प्रविधिमा प्रयोग हुने उपकरण तथा तिनका पार्टपूर्जाहरुको गुणस्तर परीक्षण बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट गराउनु पर्नेमा सो समेत गरेको छैन । कार्यालयमा सौर्य उर्जा सम्बन्धि क्षमतायुक्त प्राविधिक जनशक्ति नभएको अवस्थामा सप्लायर्सले आपूर्ति गरेको सामानको गुणस्तर परीक्षण नगराई भुक्तानी दिएको रु. २९१८६४४/-

| गो.भौ.नं. मिति | कामको विवरण | फर्मको नाम | भुक्तानी रकम रु |
|---|---|---|---|
| ४९-०७५/१०/१४ | सडक सौर्यवत्ति जडान | नयाँ किरण इनर्जी प्रा.लि. | २४२०६४४ |
| १-२०७५/११/६ | सोलार खरिद | नयाँ किरण इनर्जी प्रा.लि. | ४९८००० |

| | |
|---|---|
| जम्मा | २९१८६४४/- |

२१. **कम विनियोजन** - बजेट तयार गर्दा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गरेरर मात्र बजेट विनियोजन गरिनु पर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्नानुसारका योजनाहरु अधुरो रहने गरी बजेट विनियोजन गरेकोले काम पुरा भएको छैन । प्राविधिकले लागत अनुमान तयार गर्दा विनियोजन बजेटको आधारमा लागत अनुमान तयार गर्ने तथा मूल्यांकन गर्दा भए गरेको कामको नापजाँच गरी सोही अनुसारको कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखियो । सभाले बजेट विनियोजन गर्दा कामको प्रकृतिलाई मध्यनजर गरेर मात्र बजेट विनियोजन गर्नुपर्दछ ।

| योजनाको नाम | बजेट विनियोजन | लागत अनुमान | कार्यसम्पन्न | भएको काम (truncated) |
|---|---|---|---|---|
| महिला सामुदायक भवन हकुई | ३००००० | ३३१३५४ | ३३५३३१ | छत ढलान |
| महिला भवन निर्माण कार्य | ५००००० | ६८८९८५ | ६९५३९८ | छत ढलान |
| सामुदायिक अध्ययन केन्द्र भवन | ५००००० | ५०८५९७ | ५०९४८५ | छत ढलान |

२२. **उपभोक्ता समितिको कार्य-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(२) अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, ग्रेडर विटुमिन डिष्टिव्यूटर्स, विटुमिन व्वाइलर एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

२२.१. **सडक कालोपत्रे-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) विपरित कार्यालयले लोडर, एक्साभेटर, रोलर, ग्रेडर विटुमिन डिष्टिव्यूटर्स, विटुमिन व्वाइलर एक्साभेटर, मेशीनहरू प्रयोग गर्न हुने सडक कालोपत्रे गर्ने जस्ता जटिल प्रकृतिका कार्यहरु उपभोक्ता समिति मार्फत गर्ने गरेको देखियो । नमुना छनौटको आधारमा निम्नानुसारका सडक कालोपत्रे कार्य उपभोक्ता समिति मार्फत गराएको छ । अतः नियमावली पालना गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| भौ.नं. मिति | सडकको नाम | लागत अनुमान | कार्यालय अनुदान | मूल्यांकन | भुक्तानी |
|---|---|---|---|---|---|
| ११६-०७५/१/२० | प्रसावल गाउँभित्र सडक कालोपत्रे | ६९३२७२५ | ५०००००० | ७०८३२२५ | ४८६५१ (truncated) |
| १६९-०७६/२/२८ | धर्मपुर सडक कालोपत्रे | ४८५९३४४ | ३३९५००० | ३९७४२२२ | २२८२४ (truncated) |
| ३३०-०७६/३/३० | कोटही मन्दीर अधुरो कालोपत्रे | ५९८६६६ | ५००००० | ५९८६६६ | ५००० (truncated) |

२२.२. प्रसावल गाउँभित्र सडक र धर्मपुर सडक कालोपत्रे कार्य लागत सहभागिता ७०:३० को अनुपातमा गरेको भए पनि कार्यालयले लागत सहभागिता सम्बन्धी कार्यविधि तयार नगरेको तथा उपभोक्ता समितिले व्यहोर्ने ३० प्रतिशत सहभागिता प्रसावल सडक भित्रको सडक कालोपत्रे कार्यको कार्यालयको खातामा नराखी समितिको आफ्नै खातामा राखेको छ । लागत सहभागितामा गर्ने कार्यको लागि कार्यविधि बनाएर खर्च गरिनु पर्दछ ।

२२.३. प्रसावल गाउँभित्र सडक कालोपत्रे कार्यको मूल्यांकनभै भौ.नं. ११६-२०७५।१।२० वाट अन्तिम मूल्यांकन भैसकेको अवस्थामा लागत अनुमानमा उल्लेख भएभन्दा भेरीएसन आदेश स्वीकृत नगरी बढी काम भएको भनी उपभोक्ता समितिले थप रकम माग गरेको आधारमा कार्यालयको मिति २०७६।१।२० को स्वीकृत टिप्पणी आदेशवाट सम्झौतामा उल्लेख भएको भन्दा बढी भौ.नं.१५०-०७६।२।१७ वाट रु. १,५०,०००।- भुक्तानी दिएको छ । उपभोक्ता समितिसंग सम्झौतामा उल्लेख भए भन्दा बढी रकम टिप्पणी आदेशवाट भुक्तानी दिन मिल्ने नदेखिएको रु. १,५०,०००/-

२२.४. धर्मपुर सडक सम्बन्धमा नगर कार्यपालिकाको २०७६।४।१ को निर्णयानुसार काम सम्पन्न भएको तर भुक्तानी दिन बाँकी रहेकोले भुक्तानीको लागि रु. ७,६५,९७६।- बजेट थप व्यवस्था गरेको छ । उक्त योजनाको म्याद थप नभएको तथा प्राविधिकवाट नापजाँच गरी प्राविधिक मूल्यांकन गरी कार्यसम्पन्न प्रतिवेदन तयार भएको छैन ।

२२.५. उपभोक्ता समितिसंग सडक कालोपत्रे कार्य गराएकोमा लागत अनुमान तयार गर्दा विमा तथा गुणस्तर आश्वस्तता गर्न ल्याव परीक्षणको प्रावधान राखेको छैन भने उपभोक्ता समितिले पनि प्रयोग भएको सामानको गुणस्तर परीक्षण गराएको छैन ।

२२.६. आयकर ऐन, २०५८ को दफा ८८(५) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा

भुक्तानी गरेकोमा दश प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिसंग काम गर्ने गरी सम्झौता गरेकोमा उपभोक्ता समितिले पेश गरेको विल भरपाई विश्लेषण गर्दा निर्माण कार्यको लागि आवश्यक सामग्री विक्रि गर्ने सप्लायर्सहरुको लाखौं रकमको विल राखेकोमा  मूल्य अभिबृद्धि कर विजक नभएको तथा एउटै योजनामा लाखौंको सामान बिक्रि गर्दा सप्लायर्सले विल टुक्रयाई रु. २० हजार मुनिको विल पेश गरेको छ । त्यस्तै, उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार रु. २०,०००।- भन्दा बढी खरिदको मू.अ.कर विजक पेश हुनुपर्दछ सो विपरित सप्लायर्सको विल टुक्र्याई पेश गरेको देखिन्छ । नुमना छनौटका आधारमा परीक्षण गर्दा कृषि कार्य प्रयोजनको लागि आयात भएको ट्र्याक्टरबाट ढुवानी गरेको ढुङ्गा, गिट्टि, ग्राभेल, बालुवा लगायतका सामग्रीको विजक राखेको छ । यसरी खर्च माग गर्दा सामग्रीको मूल्य र ढुवानी खर्चको अलग अलग विवरण नराखेको तथा स्पष्ट देखिने गरी कर कट्टी गरेको नदेखिएकोले निम्नानुसार सप्लायर्सको विलबाट भुक्तानी भएकोमा १.५ प्रतिशत मात्र कर कट्टा गरेको देखिएकोले छानविन नपुग कर असूल हुनुपर्ने रु. ७०२६८०/-

| भौ.नं. मिति | कामको विवरण | भौचरको भुक्तानी | सप्लायर्सको नाम | विल रकम | नपुग कर रकम |
|---|---|---|---|---|---|
| १९-०७५/८/२ | रामग्राम १२ सडक मर्मत कार्य | ३४५१०५ | सम्राट सम्पलायर्स | ४७०४०० | ३९९८ |
| ३०-०७५/९/२४ | वडा नं. १४ को वाटो मर्मत कार्य | ७८४६७८ | प्रकाश सप्लायर्स | २८६८०० | २४३ |
| ३८-०७५/९/२६ | वडा नं. १६ को वाटो मर्मत कार्य | ६००००० | शिवम इन्टरप्राईजेज | १६२५०० | १३८ |
| | | | सुधा सप्लायर्स | २३४००० | १९८ |
| ५६-०७५/११/१ | वडा नं. १८ को वाटो मर्मत कार्य | ४००००० | भुर्तेल सप्लायर्स | २८६८७५ | २४३८ |
| | | | विकास आचार्य सप्लायर्स | ९०००० | ७६५ |
| ६०-०७५/११/२ | प्रसावल सडक कालोपत्र कार्य | १९०९१३९ | शिव सप्लायर्स | ४१०२५० | ३४८ |
| | | | सहारा सप्लायर्स | ६२९२२५ | ५३४८ |
| ८५-०७५/१२/१५ | धर्मपुर सडक कालोपत्रे कार्य | १३९२३७० | दाजुभाई सप्लायर्स | २८५००० | २४२ |
| | | | ॐ वि एन एस सप्लायर्स | २४७००० | २०९ |
| | | | आर.आर.पी ढुवानी सेवा | २८७४०० | २४४ |
| ९३-०७५/१२/२५ | वडा कार्यालय परीसर व्यवस्थापन | २००००० | प्रिती ट्रेडर्स | १६३२०० | १३८ |
| १००-०७६/१/३ | ढल स्ल्याव निर्माण वडा नं.२ | ४००००० | सिमा सप्लायर्स | ६६५०० | ५६५ |
| १०३-०७६/१/४ | अवधेश हलुवाईको घरदेखि हाटवजार सम्म ढल | ४५५२६६ | सिमा सप्लायर्स | १०७००० | ९० |
| १२१-०७६/१/२४ | लोहसडा गाउँमा आरसीसी ढलान | ८७०४२८ | युवराज सप्लायर्स | २९५५०० | २५१ |
| १३३-०७६/२/३ | उनवच गाउँ बाटो ढलान | २४००००० | मोहन सप्लायर्स | २७१५०० | २३० |
| ३६३-०७६/३/३१ | हकुईमा कृषि सडक ग्राभेल | २५०००० | रितु सप्लायर्स | २४२००० | २०५ |
| १३४-०७६/२/३ | रामग्राम १ मा तटवन्ध | १५५००० | परमेश्वर कन्स्ट्रक्सन | ११७००० | ९९ |
| १३६-०७६/२/६ | अधुरो बाँध मर्मत | ४७०८७५ | मिथिला जनरल स्टोर | १७६००० | १४९ |
| १८२-०७६/३/१ | लक्ष्मीपुर वडा नं. १ | ४२८५६२ | ,, | १६०००० | १३६ |
| १४६-०७६/२/१२ | राम आँचल देखि रोगीको घरसम्म बाटो | ५००००० | प्रसान्त सप्लायर्स | १०००० | ८५ |
| १८०-०७६/२/३० | मुरालीको घरदेखि पश्चिम धोला खोला सम्म सडक कालोपत्रे | ८०६९८५ | आर आर पि कन्स्ट्रक्सन | ४३९००० | ३७३ |
| १८७-०७६/३/५ | तिलकको घरदेखि बडा कार्यालयसम्म बाटो | ३००००० | रितु सप्लायर्स | २४०००० | २०४ |
| १९७-०७६/३/१६ | शान्तिम पथमा आरसीसी | ४६७७०८ | राहुल सप्लायर्स | १९५००० | १६५ |
| १९८-०७६/३/१६ | रानी पाकड कृषि बाटो | ६००००० | पुष्पा इन्टरप्राईजेज | ४५०००० | ३८२५ |
| २०४-०७६/३/१७ | डैनहवा गाउँको अधुरो नाला | ९००००० | उत्तरायणी सम्पलायर्स | १८६२०० | १५८ |
| २०५०७६/३/१७ | संगम टोल आरसीसी | ४००००० | सिमा सप्लायर्स | १६५००० | १४० |
| २१९-०७६/३/१९ | माधवलियामा आरसीसी | ५००००० | लक्ष्मी हार्डवेयर सप्लायर्स | ३२०२०० | २७२ |
| २९५-०७६/३/१९ | सितापुर ढल तथा नाला | ४००००० | आकाश विकास सप्लायर्स | १३५००० | ११४ |
| ३०१-०७६/३/३० | सुक्रोली १५ बाटो मर्मत | २००००० | रितु सप्लायर्स | २०६८०० | १७५ |
| ३२२-०७६/३/३० | हकुई देखि तोनवा सडक मर्मत | ९९९८८९ | ए.आर.वि. सप्लायर्स | ८४१५०० | ७१५ |
| | | | | जम्मा | ७०२६८ |

२२.७. **नर्मसको प्रयोग -** कार्यालयलेनिर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रचलित जिल्ला दररेट र स्वीकृत नर्मसको प्रयोग गर्नुपर्दछ । यसवर्ष सुपरस्ट्रक्चर पि.सि.सि.(१:२:४) आर.सी.सी को

विश्लेषित दर प्रति घनमिटर ९६५८।१३ रहेकोमा सो भन्दा बढी दर राखी लागत अनुमान तयार गरेको कारण निम्न योजनाहरुमा रु.५६,७३९।- बढी व्ययभार पर्न गएको छ । बढी दर राखी भुक्तानी गरेको रकम असूल हुनुपर्ने रु.

| भौ.नं. मिति | योजनाको नाम | भौचरको भुक्तानी | लागत अनुमानमा राख्नुपर्ने दर | राखेको दर | बढी दर | कामको परिमाण | बढी भुक्ता |
|---|---|---|---|---|---|---|---|
| २०३-०७६/३/१९ | व्लक पेभिङ्ग अधुरो नाला | ३०८६४२ | ९६५८.१३ | ११५५०.६५ | १८९२.५२ | ८.५७ | १६२ |
| ९२-०७५/१२/२५ | माधवलियामा नाला | ५००००० | ,, | ९८९५.४५ | २३७ | २३.४६ | ५५ |
| १११-०७६/१/१५ | घोडपालीको सडकमा स्लाव | ३००००० | ,, | ९८९५.४५ | २३७ | १२.४२ | २९ |
| १८२-०७६/३/१ | अधुरो बाँध मर्मत | | ,, | १०१९८.८८ | ५४०.७५ | ३.८४ | २० |
| २०६-०७६/३/१७ | हदिस दर्जिको घरदेखि हैदर अलीको घर सम्म सडक आर. सी.सी | ४९९९०० | ,, | १०४११.३० | ७५३.३० | ६.२३ | ४६ |
| ३०१-०७६/३/३० | सुक्रोली १५ बाटो निर्माण नरम माटो काट्ने | | ५८ | ६४.९५ | ६.९५ | ३६३३ | २५२४ |
| | जम्मा | | | | | | ५६७ |

५६,७३९/-

२२.८. **अनुपातिक कट्टी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । लंकहवामा सडक निर्माण कार्यको भुक्तानी गर्दा लागत अनुमान रु. ४,६३,३५४।- रहि ८४.१७ प्रतिशत कार्यालयले र बांकी १५.८३ प्रतिशत उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएकोमा रु.३,५३,६३४।- को कार्यसम्पन्न भई सम्झौता भन्दा घटी काम भएकोमा सम्पन्न कामको अनुपातमा रु. २,९७,६५४।- मात्र भुक्तानी गर्नुपर्नेमा रु. ३,३६,८६९।- भुक्तानी भएकोले बढी रु. ३९,२१५।- बढी भुक्तानी दिएकोले असूल हुनुपर्ने रु. ३९,२१५/-

२२.९. **उपभोक्तावाट सडक बत्ति जडान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल तथा प्राविधिक पक्ष समावेश भएको काम उपभोक्ता समितिसँग नगराउने तथा उपभोक्ता समिति वा लाभग्राही समूहले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले निम्नानुसार प्राविधिक रुपमा जटिल तथा आफूले जिम्मा लिएको काम अरुवाट गराएको तथा उपभोक्ता समितिको श्रम सहभागिता तथा लागत सहभागिता समेत नभएको काममा उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी दिने कार्य नियमसम्मत नदेखिएको रु.

| भौ.नं. मिति | विवरण | काम गर्ने सप्लायर्स तथा उ.स.को नाम | लागत अनुमान | सम्पन्न काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १४-०७५/८/९ | वडा नं. ७ मा सडक बत्ति जडान | मायादेवी उपभोक्ता समिति | १५१४१५ | १५१४१५ | १५००० |
| ५४-०७५/१०/२३ | वडा नं. १ मा सडक बत्ति जडान उस | जय महाविर ट्रेडर्स | २९९८४४ | २९९८४४ | २९९८४ |
| ५७-०७५/१०/२ | वडा नं. १३ मा सडक बत्ति जडान उस | काशि इलेक्ट्रिक | १९९२३७ | १९९२३७ | १९९२ |
| १७०-०७६/२/२८ | वडा नं. १६ मा सडक बत्ति जडान उस | डि.एन. लाइटिङ उद्योग | १९९५४४ | १९९५४४ | १९९५४ |
| १९३-०७६/३/१५ | वडा नं. १० मा सडक बत्ति जडान उस | विजुली वत्ति उ.स. रामग्राम | १९९९८१ | २११३०० | १९९९ |
| जम्मा | | | | | १०४८६ |

१०,४८,६०६/-

२२.१०. **अनुपातिक कट्टी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । निम्न निर्माण कार्यको भुक्तानी गर्दा लागत अनुमान र सम्झौता भन्दा घटी काम भएकोमा सम्पन्न कामको सम्झौता अनुसारको अनुपातमा गाउंपालिकाले भुक्तानी गर्नुपर्ने अंश कट्टा गरी उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्नेमा रु. ५,५६,०७६।- बढी भुक्तानी दिएकोले असूल हुनुपर्ने रु.

| भौ.नं. मिति | योजनाको नाम | लागत अनुमान | कार्यालयले उपलब्ध गराउने रकम | जनसहभागिता रकम | सम्पन्न काम | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| २६-२०७५/८/२० | पवन मा.वि निर्माण उ.स | ४४१२२४२ | ३६००००० | ८१२२४२ | ४०४२८३२ | ३२९८५४६ | ३६००००० | ३०१४५४ |
| | सरस्वती मा.वि | ४४१२२४२ | ३६००००० | ८१२२४२ | ४१००२३१ | ३३४५३७८ | ३६००००० | २५४६२ |
| | | | | | | | **जम्मा** | **५५६०७** |

५,५६,०७६/-

२३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु सम्बन्धी व्यवस्था छ । लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्नेमा निम्नानुसारका कार्यको लागत अनुमान तयार गर्दा

स्वीकृत दर भन्दा बढी दर राखि लागत अनुमान बनाई उपभोक्ता समितिसंग कार्य गराई बढी भुक्तानी दिएको रकम असूल हुनुपर्ने रु. २,८३,००८/-

| भौ.नं. मिति | योजनाको नाम | लागत अनुमान | ग्राभेलको जिल्ला दर | ल.ई तथा भुक्तानी दर | फरक | नापी परिमाण घ.मी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३८-०७५/९/२६ | वडा नं. १६ सडक ग्राभेल | ७०३१९४ | १२७५/- | १४४० | १६५ | २७३.५६ | ४५१३ |
| १९-०७५/८/२ | वडा नं १२ सडक ग्राभेल | ५००९६८ | १२७५/ | १४०२ | १२७ | २५४.८३ | ३२३६ |
| ३०-०७५/९/२४ | वडा नं. १४ सडक ग्राभेल | ८७७१०६ | १२७५/ | १४२५ | १५० | ५१९.०१ | ७७८५ |
| ७१-०७५/११/१३ | वडा नं. १३ सडक ग्राभेल | १६२६६३ | १२७५/ | १४२५ | २४१ | १११.७५ | २६९३ |
| ११९-०७६/१/२४ | रक्साहा गाउँ बाटो ग्राभेल | ४०१९१६ | १२७५/ | १४६० | २४१ | १८३.६२ | ४४२५ |
| २४९-०७६/३/२३ | सडक मर्मत कार्य रामग्राम १ | २३८१८४ | १२७५/ | १४४० | १६५ | ८२.१७ | १३५५ |
| २६२-०७६/३/२४ | वडा नं. १४ सडक ग्राभेल | ५८६७६ | १२७५/ | १४६६ | १९१ | २९.७५ | ५६८ |
| ३४१-०७६/३/३१ | वडा नं. १७ सडक मर्मत | ३६५९९१ | १२७५/ | १४४०.७५ | १६५.७५ | २२४.६३ | ३७२३ |
| | | | | | | जम्मा | २८३०० |

**सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा**

२४. **जिन्सी दाखिला नभएको** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगवाट सम्पादन गर्न, बित्तीय प्रणालीलाई विश्वासनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आफैले खरिद गरी तथा बिद्यालयवाट खरिद भएको सामानको सोधभर्ना भुक्तानी गरेकोमा निम्नानुसार बिद्यालयले खरिद गरेको तथा कार्यालयवाट प्रदान गरेको सामग्री जिन्सी सामान जिन्सी खातामा अभिलेखिकरण भएको प्रमाण पेश हुनुपर्ने रु. ८,९९,७५०/-

| भौ.नं. मिति | बिद्यालयको नाम | सामग्रीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १२५-०७६/१/२६ | सरस्वती मा.वि. | जगदम्वा ग्रिल उद्योगवाट खरिद भएका ४२ सेट डेक्स बेन्च | ३९९७५० |
| १४७-०७६/२/१६ | जनता मा.वि. कुनवार | ल्यापटप, प्रिन्टर फर्निचर लगायत | ५००००० |
| | | जम्मा | ८९९७५० |

२५. **कम विनियोजन गरी प्रतिस्पर्धा वेगर खरिद -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना तर्जुमाको आधार तय गरेको छ । त्यस्तै दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले यसवर्ष ३१ योजनामा रु. ५ लाख भन्दा कम विनियोजन गरि निर्माण व्यवसायीहरुको प्रयोग गरि विना प्रतिस्पर्धा खरिद गरी रु. १,४२,०९,५९१/- भुक्तानी गरेको छ । योजनाहरुमा ५ लाख भन्दा  कम विनियोजन गरी बजेट विनियोजनको आधारमा लागत अनुमान तयार गरेको, निर्माण व्यवसायीहरुवाट सिधै खरिद गरी कार्य गरेको, अधिकांश योजनाहरु असार मसान्तमा कार्यसम्पन्न भएको देखिंदा प्राप्त श्रोत साधनको अधिकतम उपयोग हुनेगरी खरिद प्रतिस्पर्धात्मक तथा मितव्ययी नहुनुका साथै योजनाको गुणस्तरता सम्बन्धमा सुनिश्चित हुन सकिएन । उदाहरणको लागि:

| भौ.नं. मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | भुक्तानी रक |
|---|---|---|---|
| १४०-०७६/२/१० | वडा नं. १ मा खानेपानी ढल निर्माण | आदितेय एण्ड अभय विल्डर्स | ४,९७,० |
| १४२-०७६/२/१० | वडा नं. १ मा खानेपानी नाला तथा ढल निर्माण | शुभलक्ष्मी कन्स्ट्रक्सन | ४९९५ |
| २०१-०७६/३/१६ | डहर चण्डी देखि पिपल रुख सम्म ढल र कालोपत्रे | रामग्राम कन्स्ट्रक्सन | ४९९९ |
| २१७-०७६/३/१९ | दुधनाथ कोहारको घरदेखि विष्णुमार्ग ढल निकास | मानव कल्याण कन्स्ट्रक्सन | ४९८७ |
| २७२-०७६/३/२५ | ऐचावल देखि पत्थरदेवा बाटो मर्मत | ओम शान्ति निर्माण सेवा | ४,९७,९ |
| ३१७-०७६/३/३० | बुद्ध टोलमा दुवै तर्फ नाला | हरिओम निर्माण सेवा | ४९९,१ |

२६. **सोझै खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ट खरिद योजना बनाई सिलबन्दी दरभाउपत्र, बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा नमुना छनौटका आधारमा परीक्षण गर्दा वित्तिय समानीकरण पूँजीगत शिर्षकवाट रु.६१,६२,६७७- को ल्यापटप, कम्प्युटर, फर्निचर, एसी, भेटनरी

<table>
<tr><td></td><td>सर्जिकल सामान लगायतका सामान पटक पटक सोझै खरिद गरी भुक्तानी दिएको पाइयो । खरिद कार्य गर्दा नियमको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ अनुसूची ४(क) अनुसार प्रति इकाई लागत दरमा खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयको २०७५।४।२२ को स्वीकृत टिप्पणी आदेश अनुसार प्रति इकाई लागत दरमा खरिद गर्न शिवशक्ति ईटा उद्योग रामग्राम २ संग प्रति घन मिटर रु. ११११.०८ मू.अ.कर बाहेकमा खरिद गर्ने निर्णय भएकोमा सामान सप्लाई तथा भुक्तानी गर्दा शिवशंकर ईटा उद्योगको विजक मार्फत ३८ ट्रिप ल्याएको भनी प्रति ट्रिप रु. १०,०००।- का दरले मू.अ.कर समेत भौ.नं. ४०-२०७५।१०।९ मा रु. ४,२९,०००।- भुक्तानी दिएको छ । एउटासंग सम्झौता गरी अर्कोसंग खरिद गर्ने र प्रति घ.मी को दर राखि ईकाई दरमा खरिद गर्ने निर्णय विपरित प्रति ट्रिप दर राखि भुक्तानी दिएकोले कति परिमाण आपूर्ति भयो यकिन गर्न नसकिएको</td><td>४२९,०००/-</td></tr>
<tr><td>२८.</td><td>जिन्सी मौज्दात :- कार्यालयले आवश्यकताको पहिचान गरि जिन्सी मालसामान खरिद गर्नुपर्दछ । जिन्सी श्रेस्ता म.ले.प.फा.नं. ५२ लाई sample method बाट परिक्षण गर्दा वितरण गर्न भनी रु.६,५४,९५३।- मा खरिद गरेका निम्न सामाग्रीहरु स्टोरमा मौज्दात रहेको पाइयो । आवश्यकताको पहिचान नै नगरी खरिद गरेका यस्ता सामाग्रीहरु भण्डार शाखामा रहिरहने र राज्यलाइ थप आर्थिक व्ययभार पर्न जाने हुदाँ कार्यालय प्रशासनले यस तर्फ ध्यान दिनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>फर्मको नाम</th><th>सामानको नाम</th><th>जम्मा</th></tr>
<tr><td>७६-२०७६/१/२७</td><td>बुटवल कृषि यन्त्र घर</td><td>चाफ कटर ४ वटा</td><td>१४००००</td></tr>
<tr><td>२-२०७५/१२/१७</td><td>बसन्ती इनर्जी पावर प्रा.लि</td><td>२० वटा सुधारिएको चुलो</td><td>९८७००</td></tr>
<tr><td>७-२०७६/३/१७</td><td>सम्वृध नेपाल इनर्जी प्रा.लि</td><td>७३ वटा सुधारिएको चुलो</td><td>४१६२५३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६५४९५३</td></tr>
</table></td><td>६,५४,९५३/-</td></tr>
<tr><td>२९.</td><td>डिप टूयववेल - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी, पुरातात्विक उत्खननसम्बन्धी र सुरुङ खन्ने, डिप टूयववेल सम्बन्धी कामको नर्मस भए नर्मस बमोजिम र नर्मस नभएको अवस्थामा नर्मस तयार गरी स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्ने छ । सो विपरित कार्यालयले निम्नानुसार ट्यूववेल को लागत अनुमान तयार गरी भुक्तानी गरेकोमा वडा नं. १५ र वडा नं. १८ को लागत अनुमान तयार गर्दा एउटै धरातल र क्षेत्र भएको अवस्थामा वडा नं. १८ को प्रति एकाई लागत दर रु. २,८३,९३२।- र वडा नं. १५ को प्रति इकाई लागत दर ३,३५,४४६।- राखी लागत अनुमान तयार गरेको कारण वडा नं. १५ मा प्रति ट्यूववेल रु. ५१,५१४।- ले ३ वटा ट्यूववेलको बढी लागत परेको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>विवरण</th><th>परिमाण</th><th>लागत अनुमान</th><th>का.स.</th><th>भुक्तानी</th></tr>
<tr><td>१४३-०७६/२/१०</td><td>वडा नं. १५ मा डिप ट्यूववेल</td><td>३</td><td>१००६३३९</td><td>१०९३७५१</td><td>१००००००</td></tr>
<tr><td>१४८-०७६/२/१७</td><td>वडा १८ मा डिप ट्यूववेल</td><td>४</td><td>११३५७३०</td><td>१२३८८३६</td><td>१००००००</td></tr>
</table></td><td>१,५४,५४२/-</td></tr>
<tr><td>३०.</td><td>अन्तर निकाय समन्वय- योजना तर्जुमा गर्दा र बजेट विनियोजन गर्दा अन्तर निकाय समन्वय गरिनु पर्दछ । नगरपालिकाको तेस्रो सभावाट पृथ्वीचन्द्र अस्पतालको लागि पोष्टमार्टम भवन निर्माण योजनामा रु. १० लाख विनियोजन गरेकोमा प्रदेश नं. ५ सरकारको कार्यक्रममा समेत समावेश भएको भनी साविकको पोष्टमार्टम भवन निर्माण कार्यलाई नगर कार्यपालिकाको मिति २०७५।११।१७ को निर्णयले योजना परिवर्तन गरी डिजिटल एक्सरे खरिद गर्न अनुदान निकासा दिने निर्णय गरि भौ.नं. ८०-०७५।१२।१४ वाट रु. १० लाख अनुदान निकासा दिएको छ । सभाले अन्य निकायको लागि बजेट विनियोजन गर्दा अन्तरनिकाय समन्वय गरेर मात्र बजेट विनियोजन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>बढी भुक्तानी- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन जारी गर्नुपर्ने भएमा प्रक्रिया पुरा गरी भेरीएसन जारी गर्न सक्ने व्यवस्था छ । कार्यालयले घिनहवा भित्रि सडक निर्माण कार्य गर्न नविन कनस्ट्रक्सन संग रु. १९,४०,५०९।- मा मिति २०७६।३।१५ मा</td><td>६५,०४५/-</td></tr>
</table>

| | | |
|---|---|---|
| | सम्पन्न गर्ने गरी मिति २०७६।११।१ मा सम्झौता गरेकोमा कार्यालयले मिति २०७६।३।२३ मा कार्य सम्पन्न प्रतिवेदन बनाई भौ.नं. २७४-०७६।३।२५ मा रु. २०,०५,५५४।- भुक्तानी दिएको छ । सम्झौतामा उल्लेख भएभन्दा बढी काम निर्माण व्यवसायीले गरेको भनी रु. ६५,०४५।- भुक्तानी दिएकोमा थपकाम गर्नुपर्नाको आधार, भेरिएशन आदेश तयार तथा स्वीकृती नगरी बढी भुक्तानी दिएकोले सम्बन्धितवाट असूल हुनुपर्ने रु. | |
| ३२. | **गैह्र सरकारी संस्था**-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मूल प्रवाहिकरण जस्ता कार्य गैरसरकारी संस्थावाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थावाट तोकिएको प्रक्रिया अपनाई कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । तर कार्यालयले प्रक्रिया पुरा नगरी तथा कार्यालयमा जनशक्ति रहेको र कार्यालयवाटै प्रभावकारी र मितव्ययी रुपमा सम्पन्न गर्न सक्ने काममा समेत गै.स.स. संग सम्झौता गरी निम्नानुसारको कार्य गराएको नियमसम्मत नदेखिएको रु. | १२,७०,०००/- |

| भौ.नं. मिति | कार्यक्रमको नाम | संचालन गर्ने निकाय | खर्च रकम |
|---|---|---|---|
| ६५-०७५/११/६ | बालवालिकाको लागि पोषण तालिम | रामग्राम नन्दन परियोजना | १००००० |
| ११४-०७६/१/६ | बेमौसमी तरकारी खेति तालिम | हातेमालो बहुउद्देश्यीय केन्द्र | ८०००० |
| १५३-०७६/२/२० | बालमैत्री रणनीतिक योजना | ग्रामीण विकास तथा स्वावलम्वन केन्द्र | ३००००० |
| १६८-०७६/२/२८ | लुम्विनी भ्रमण वर्ष र रामग्राम पर्यटन अन्तरक्रिया | नेपाल पत्रकार महासंघ | ९०००० |
| १९९-०७६/३/१६ | बालवालिका सम्वन्धि कार्यक्रम | नन्दन सामाजिक विकास संस्था | २६३००० |
| २००-०७६/३/१६ | बालवालिकाको बस्तुगत विवरण तयार | मैत्री समाज नेपाल | ४३७००० |
| | | जम्माः | १२७०००० |

| | | |
|---|---|---|
| ३३. | **गै.सं.स. मार्फत निर्माण -** सार्वजनिक खरिद ऐन तथा नियमावलीमा गैह्र सरकारी संस्था मार्फत निर्माण कार्य गराउने प्रावधान छैन । यस सम्बन्धमा कार्यालयले गत विगतमा गैह्र सरकारी संस्थामार्फत निर्माण कार्य गराएको सम्बन्धमा लेखापरीक्षणले व्यहोरा औंल्याएकोमा स्थितिमा सुधार भएको छैन । यसवर्ष कार्यालयले निम्नानुसार लागत अनुमान भएको निर्माण कार्य गैह्र सरकारी संस्था मार्फत गराई भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु. | १५,००,०००/- |

| भौ.नं. मिति | कामको विवरण | गै.स.स.को नाम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| २४१-०७६/३/२२ | भवन निर्माण | ब्रह्म कुमारी इश्वरीय विद्यालय | ५०६१६० | ५००००० |
| २४२-०७६/३/२२ | पर्खाल निर्माण | सत्यसाई भजन समूह | ५८४९४१ | ५००००० |
| ३७२-०७६/३/३१ | सामुदायिक अध्ययन केन्द्र | रामग्राम सामुदायिक सिकाई केन्द्र | ५०८५९७ | ५००००० |
| | | | जम्मा | १५००००० |

| | | |
|---|---|---|
| ३४. | **वितरणमुखी कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यालयले व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको देखिन्छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान नगरी तथा कार्यालयले वितरणको कार्यविधि समेत तयार नगरी समूहको सिफारीस वेगर, दामासाही वितरण गरेको, खरिद गरिएको विउ विजन कृषि अनुसन्धान परिषद्ले सिफारिश गरेको जात भए नभएको, कृषकको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखी तथा दिगो उपयोग र संरक्षण व्यवस्था नगरी अनुदान दिने कार्य उचित नदेखिएको रु. | २८,९९,५३२/- |

| भौ.नं. मिति | सहयोगको विवरण | खर्च रकम | कार्यक्रमको नाम |
|---|---|---|---|
| १०-०७५/८/१८ | गहुँको विउ अनुदान ५० प्रतिशत अनुदान | ५८२९५० | ३४१ जनालाई वितरण |
| ११-०७५/८/१९ | हिउँदे घाँसको विउ वितरण ७५ प्रतिशत अनुदान | ११५००० | ३७३ जनालाई वितरण |
| १२-०७५/८/१९ | आलुको विउ वितरण ५० प्रतिशत अनुदान | २८२४७० | १९४ जनालाई ४ देखि ७० केजी सम्म |
| १५-०७५/८/२१ | नि:शुल्क विषादि वितरण | १७००० | १०९ जनालाई |

| | | | | |
|---|---|---|---|---|
| १६-०७५/८/२१ | नि:शुल्क विषादि वितरण | ३०००० | १५१ जनालाई | |
| १७-०७५/८/२३ | तरकारी विउ, मिनिकिट, तोरिको विउ ५० प्रतिशत अनुदान | ३४१२६२ | बिभिन्न व्यक्ति | |
| २०-०७५/८/२३ | गहुँको विउ अनुदान ५० प्रतिशत अनुदान | १३१००० | बुद्ध सिडवाट सिधै खरिद गरी ९६ जना | |
| ७६-०७५/११/२६ | घाँसको विउ वितरण ७५ अनुदान | ७५००० | वितरण भरपाई पेश नभएको | |
| ८५-०७५/१२/२० | नि:शुल्क विषादि वितरण | १८००० | बाबा एग्रोभेटवाट खरिद गरि बिभिन्नलाई | |
| ८६-०७५/१२/२० | विउ बिषादी र मिनिकिट | ३४०००० | बाबा एग्रोभेटवाट सिधै खरिद गरि बिभिन्नलाई | |
| १५७-०७६/२/२१ | विषादी वितरण | १७००० | | |
| १५८-०७६/२/२१ | ढैंचा विउ वितरण ७५ प्रतिशत अनुदान | १०९८७५ | बाबा एग्रोभेटवाट सिधै खरिद गरि बिभिन्नलाई | |
| २३६-०७६/३/२२ | तरकारी मिनिकिट | १००००० | दिव्य एग्रोभेट बाट खरिद गरी बिभिन्न व्यक्तिलाई | |
| २६६-०७६/३/२५ | तरकारी विउ वितरण ५० प्रतिशत अनुदान | ४९९७५ | ,, | |
| २८०-०७६/३/२६ | बोरिङको लागि पाईप वितरण | ६५०२० | ज्योति मेशिनरी वाट खरिद | |
| २८३-०७६/३/२६ | खैरारोगको औषधि | ९०००० | दिव्य एग्रोभेट बाट खरिद गरी बिभिन्न व्यक्तिलाई | |
| २९०-०७६/३/२७ | माछा भुरा ५० प्रतिशत अनुदान | २००००० | बिनय माछा फर्मवाट खरिद गरि बिभिन्न व्यक्तिलाई | |
| २९१-०७६/३/२८ | सिंचाईको लागि बोरिङ | ३३४९८० | बिदुषि ट्रेडर्सवाट खरिद भएको नापी जडान पेश हुनुपर्ने | |
| | **जम्मा** | २८९९५३२/- | | |

| | | |
|---|---|---|
| ३५. | कार्यालयले निर्माण व्यवसायी नविन कन्स्ट्रक्सनसंग रु. ९७,३४,०५१।६५ मा कार्य गर्ने र मिति २०७५ असार १० मा सम्पन्न गर्नुपर्नेगरी २०७४।११।१५ भएको ठे.नं. ४-०७४।७५ को सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ३५.१. | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा काबुबाहिरको मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार खरिद सम्झौताको काम त्यस्तो सम्झौता अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा ७ दिन अगावै सम्बन्धित निकायमा म्याद थपको लागि निवेदन दिए पछि व्यवसायीले काम समयमै सम्पन्न गर्न भरमग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति सिर्जना भए नभएको स्पष्ट खुलाई म्याद थप गर्न सक्ने व्यवस्था छ । मिति २०७५ असार १० मा कार्यसम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीले सम्झौता अवधि भित्र कार्य सम्पन्न नगरी म्याद थपको लागि मिति २०७५।३।५ मा निवेदन दिएकोमा कार्यालयवाट उक्त निवेदन उपर कारवाही गरी गरेको देखिएन । नगर कार्यपालिकाको मिति २०७५।८।१२ को निर्णयले गत आ.ब.को योजनाको म्याद थप र बजेट स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरेकोमा उक्त निर्माण व्यवसायीको नाम र थप अवधि कायम भएको देखिएन । म्याद थप बेगर कार्यालयले भौ.नं. २५३-०७६।३।२४ वाट रु. ६,७४,६३४।- भुक्तानी दिएको उचित नदेखिएको रु. | ६,७४,६३४/- |
| ३५.२. | उक्त सडक कालोपत्रे कार्यको लागत अनुमान तयार गर्दा विमा तथा गुणस्तर आश्वस्तता गर्न ल्याव परीक्षणको प्रावधान राखेको छैन भने निर्माण व्यवसायीले पनि कामको विमा तथा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गराएको छैन । | |
| ३६. | वडा नं. २ मा माटो पुरी सडक मर्मत कार्यको लागि रु. १,१०,०००।- विनियोजन भई खरिदार निर्मला कोहार मार्फत अमानतवाट कार्य गराउँदा भौ.नं. २२३ वाट रु. ८२,९५०।- र भौ.नं. २४० वाट छुट भनी रु. १०,०००।- भौ.नं. ६८ वाट पानी निकास वापत डोर हाजीर राखी रु. १७,०५०।- समेत रु. १,१०,०००।- विनियोजित रकम पुरै खर्च लेखेकोमा भौ.नं.२५०-०७६।३।२३ वाट पुन: रु.१७,०५०।- खर्च लेखि भुक्तानी दिएकोले बढी खर्च भुक्तानी रकम असूल हुनुपर्ने रु. | १७,०५०/- |
| ३७. | २०७६।३।१० महालेखा नियन्त्रकको कार्यालयको पत्रानुसार ठेक्का मार्फत निर्माण व्यवसायीसंग कार्य गराएकोमा विजक रकमको मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा गरी कार्यालयले राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसारका कार्य निर्माण व्यवसायीसंग ठेक्का मार्फत गराएकोमा भुक्तानी भएको मूल्य अभिबृद्धि करको ५० प्रतिशतले हुने रकम कट्टा गरी राजश्व दाखिला गरेको नदेखिएकोले राजश्व दाखिला गरेको वा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ९५,३७९/- |

| भौ.नं. मिति | निर्माण व्यवसायीको नाम | विजक रकम | मू.अ.कर रकमको ५० प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | हुने रकम |
| १५५-०७६/२/२१ | विराना कन्स्ट्रक्सन प्रा.लि. | ४८२३७५ | ३१३५४ |
| १७६-०७६/२/२९ | दिव्यतारा इन्टरप्राईजेज | ९८५००० | ६४०२५ |
| | | जम्मा | ९५३७९/- |

३८. **अमानत कार्य-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाईजस्ता कार्य अमानतवाट कार्य गराउन वा उपभोक्ता समितिवाट काम गराउन सकिने र यसरी कार्य गर्दा वा गराउंदा कार्यविधिले तोके बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यसवर्ष निम्नानुसारको मर्मत कार्य अमानतवाट गराएकोमा नियम तथा कार्यविधिको पालना नगरी कर्मचारीहरु मार्फत गराई भुक्तानी दिएको छ । कार्यालयमा कर्मचारीहरुको अभाव भएको तथा कार्यालय बाहिरको निर्माण तथा मर्मत कार्य भएको अवस्थामा उपभोक्ता समितिलाई अमानतमा कार्य नगराई कर्मचारी मार्फत काम गराएको तथा एउटै कर्मचारीलाई पनि बिभिन्न ठाउंको मर्मत तथा निर्माण कार्य गर्न पटक पटक रकम उपलव्ध गराएको नियमसम्मत नदेखिएको रु. १४,४९,५७४/-

| भौ.नं. मिति | कामको विवरण | कर्मचारीको नाम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| २४-०७५/९/१९ | वडा नं. ४ सडक वत्ति जडान | खरिदखार उमेश प्रसाद चौधरी | ९९८७१ | १०००० |
| २५-०७५/९/२२ | वडा नं. १७ सडक वत्ति जडान | खरिदार लोकमान चौधरी | १०००६२ | १०००० |
| ३६-०७५/९/२५ | वडा नं. २ सडक वत्ति जडान | खरिदार निर्मला कोहार | ९९९८४ | १०००० |
| ३७-०७५/९/२६ | वडा नं. ३ सडक वत्ति जडान | खरिदार निर्मला कोहार | ११२६६९ | १०००० |
| ४५-०७५/१०/९ | वडा नं. ११ सडक वत्ति जडान | खरिदार फकिरी थारु | १०१६६१ | १०००० |
| ४६-०७५/१०/१० | वडा नं. ५ सडक वत्ति जडान | खरिदार निर्मला कोहार | १४९६६७ | १४९९४ |
| ४७-०७५/१०/१० | वडा नं. ५ सडक वत्ति जडान | खरिदार निर्मला कोहार | ९९८०४ | ९९८० |
| ६१-०७५/११/५ | सडक वत्ति जडान | सहायक म.वि.नि. रमा भट्टराई | ९९९५३ | १०००० |
| ९९-०७५/१२/२७ | कार्यालय मर्मत संभार | खरिदार गुलेमान चौधरी | ९७५०० | १०००० |
| २२१-०७६/३/२० | वडा नं. २ सडक वत्ति जडान | खरिदार निर्मला कोहार | ४९६३० | ४९६३ |
| २२२-०७६/३/२० | पुरै वडामा नाला सफाई वडा नं. २ | खरिदार निर्मला कोहार | १००००० | १०००० |
| २२४-०७६/३/२० | वडा नं. १४ सडक वत्ति जडान | खरिदार ठानेश्वर रेग्मी | ९७८१९ | ९२९५ |
| २२५-०७६/३/२० | बिद्युत पोल खरिद | खरिदार ठानेश्वर रेग्मी | ९७८७८ | ९७०७ |
| २७८-०७६/३/२६ | वडा नं. १४ सडक मर्मत | खरिदार ठानेश्वर रेग्मी | ५८६७८ | ५९९५ |
| ३१५-०७६/३/३० | डष्टविन खरिद | खरिदार निर्मला कोहार | | १००२२ |
| | | | जम्मा | १४४९५७ |

३९. **सुचना प्रकाशनमा/छुट नलिएको -** गोरखापत्र संस्थान धर्मपथ काठमाण्डौं ले सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको कार्यालयको ०७०।४।२३ को पत्रमा उल्लेख छ । गोरखापत्र बाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तथा विज्ञापनमा २० देखि ३५ प्रतिशत समेत छुट दिने नीतिगत निर्णय गरेको देखिन्छ । नमुना छनोट गरी लेखापरीक्षण गरेकोमा नगरपालिकाले सूचना प्रकाशनको रु ५१७३३७।( भ्याटसहीत) भुक्तानी दिएकोमा छुट लिएको देखिएन । सरकारी विज्ञापनमा छुट दिने प्रकाशनको नीतिगत व्यवस्था अनुसार २५ प्रतिशत छुट सहुलियत लिंदा कार्यालयले उक्त विज्ञापनमा रु.३८८००२। मात्र खर्च लाग्नेमा छुट सहुलियत नलिएको कारण नगरपालिकाललाई रु.१२९३३४। थप व्ययभार पर्न गएको छ । तर्सथ सरकारी सूचना तथा विज्ञापनमा छुट सहुलियत दिने प्रकाशन संस्थाहरुको नीतिगत व्यवस्था अनुसार छुट सहुलियत लिनुपर्दछ ।

४०. **विविध खर्च :** नगरसभा वैठक,कार्यपालीका वैठक,वडा समितिको वैठक तथा अन्य कार्यक्रमको लागि विविध खर्च शिर्षकबाट खाना खाजा चिया लागायतका अन्य खर्च लेखेको छ । वैठक भत्ता वसेको दिन तथा अन्य कार्यक्रममा खाजा तथा खाना खर्च लेखने सम्वन्धमा खर्चको मापदण्ड तयार गरी विविध खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४१. **आर्थिक सहायता :** नगरपालिकाले वित्तीय समानीकरण तथा आन्तरिक स्रोतबाट तोक आदेशबाट आर्थिक सहायता तथा राहत स्वरुप भुक्तानी गरेको छ । नगरपालिकाको आन्तरिक स्रोतबाट आर्थिक सहायता दिने कार्यविधि तथा मापदण्ड तयार गरी आर्थिक सहायतामा मितव्ययिता अपनाउनु पर्दछ । नगरपालिकाबाट आर्थिक सहायता तथा राहात

<table>
<tr><td></td><td>वितरण गरेको केहि उदाहरण निम्नानुसार छन ।
<table>
<tr><th>गो.भौ.नं.</th><th>आर्थिक साहायत पाउनेको नाम</th><th>रकम</th></tr>
<tr><td>६।२०७५।६।४</td><td>ग्रामीण विकास प्रतिष्ठान</td><td>२००००।</td></tr>
<tr><td>१९।२०७५।६।९</td><td>विजय अग्रहरी</td><td>१५०००।</td></tr>
<tr><td>३१।२०७५।६।२३</td><td>विजय यादव</td><td>१२८५०।</td></tr>
<tr><td>५०।२०७५।६।२४</td><td>समिर यादव</td><td>१००००।</td></tr>
<tr><td>८७।२०७५।६।२८</td><td>वडा स्तरीय भलीवल खेल</td><td>२५०००।</td></tr>
<tr><td>८८।२०७५।७।८</td><td>मेयर व्याडमिन्टन प्रतियोगीता</td><td>५००००।</td></tr>
<tr><td>११३।०७५।७।३०</td><td>नवदुर्गा युवा क्लव</td><td>५००००।</td></tr>
<tr><td>१४६।०७५।८।२०</td><td>तिज प्रोग्राम</td><td>३७६७०।</td></tr>
<tr><td>१९९।२०७५।९।१५</td><td>छठ पुजा समिति वडा न. ७</td><td>५००००।</td></tr>
<tr><td>२१०।२०७५।९।११</td><td>मदिना रजा मस्जिद समिति</td><td>१५०००।</td></tr>
<tr><td>२२६।०७५।९।२६</td><td>त्रि.वि.एस. छठ पुजा समिति</td><td>५००००।</td></tr>
<tr><td>२२७।२०७५।९।२६</td><td>साझा युवा क्लव १२</td><td>५००००।</td></tr>
<tr><td>२५५।२०७५।१०।१६</td><td>छठ घाट व्यवस्थापन देउरवा उजैनि नैडिल्का वडा. न. ७</td><td>५००००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४३५५२०।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.</td><td>स्थानिय भत्ता - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव,भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन  खर्च पाउने व्यवस्था छ । नगरपालीकाले केन्द्रिय चालु अनुदानबाट नगरसभाको निर्णयबाट नगरपालीका कर्मचारी तथा विषयगत अन्तर्गतका तहका कर्मचारीहरुलाइ मासिक रुपमा  शुरु तलवको १५ प्रतिशतको दरमा स्थानिय भत्ता खर्च लेखेको छ । नगरपालीकाको आन्तरिक आय समेतलाइ मध्ये नजर गरी स्थानिय तहका कर्मचारीले पाउने सुविधमा एक रुपता कायम हुने गरी सेवा सुविधा सम्वन्धी कानुन वनाएर कर्मचारीलाइ थप सुविधा दिनुपर्ने कानुनी व्यवस्था छ । रामग्राम नगरपालीकाको नगर सभाको निर्णयको आधारमा यस वर्ष स्थानिय भत्ता रु १७१८३९६ खर्च लेखेको छ । विकास निर्माणको काममा खर्च गर्नुपर्ने रकम स्पस्ट आधार तथा एवं कार्यविधि विना स्थानिय भत्ता रकम खर्च लेखेको छ यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ  ।</td><td></td></tr>
<tr><td>४३.</td><td>करारका कर्मचारीलाइ स्थानिय र महङ्गी भत्ता : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (६) र (८) अनुसार गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार मालि, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न नपाइने व्यवस्था छ । नगरपालीकाले १ जना आइटी अफिसर साझेदारी कार्यक्रमबाट, सामाजिक परीचालक ३ जना,सव इन्जिनियर २ जना, महिला संयोजक १ जना, कार्यालय सहयोगी, ७ जना, सवारी चालक १ जना, भान्से १ जना, र माली १ जना समेत जम्मा १७ कर्मचारीहरुलाइ नगरपालिकाले लाय अह्राएको कार्य गर्ने गरी कारार सम्झौता गरेको छ । करार सम्झौता गर्दा मासिक पाउने पारिश्रमिक सुविधा, पोसाक भत्ता, चाडपर्व खर्च पाउने गरी करार सम्झौता गर्न पाउने कानुनी व्यवस्था छ । नगर पालिकाले कार्यविधि तथा मापदण्ड वेगर करारका कर्मचारीले महङ्गी भत्ता मासीक रु २०००। र स्थानिय भत्ता मासिक तलव स्केलको १५ प्रतिशत पाउने गरी करार सम्झौता गरेको छ । कानुनी व्यवस्था विपरीत तथा कार्यविधि तथा मापदण्ड विपरीत खर्च लेखेको महङ्गी भत्ता रु ४०८०००। र स्थानिय भत्ता रु ४३६८००। समेत रु ८४४८००। खर्च लेखेको नियमसम्मत नदेखिएको रु</td><td>८४४८००।</td></tr>
<tr><td>४४.</td><td>समीक्षा वैठक  : प्रदेश न. ५ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्वन्धी निर्देशिका २०७५ को दफा न. क मा वैठक भत्ताको मापदण्ड तोकेको छ । सो दफा को खण्ड (ग) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी कर्मचारी मात्र वस्ने वैठक भत्ता प्रदान गर्न नपाइने उल्लेख छ । नमुना छनोटको आधारमा परीक्षण गर्दा कार्यालयले गो भौ.न. १४२ र १५२ बाट स्वास्थ्य संस्था प्रमुखहरु र पालिका पदाधिकारी कर्मचारीहरुको मासिक समिक्षा वैठक वसेको  दिन प्रति वैठक रु १०००। दरले रु ७२००० । वैठक भत्ता खर्च लेखि रु १०८००। कर कटटी गरी रु ६१२००। भुक्तानी गरेको छ । प्रदेश न. ५</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | सार्वजनिक  खर्चको मापदण्ड विपरीत खर्च लेखेको रकम असुल गर्नुपर्ने रु | ६१२००। |

४५.

| पदाधिकारी तथा कर्मचारीको नाम | पद तथा दर्जा | भत्ता रकम |
|---|---|---|
| नरेन्द्र कुमार गुप्ता | मेयर | ४०००। |
| रम्भा कुवर | उप मेयर | ४०००। |
| दिनेश राज पन्त | प्र. पा.अ. | ४०००। |
| कुन्दन कुमार चौधरी | ले.अ. | ४०००। |
| राजन श्रीवास्तव | शा.अ. | ४०००। |
| कौशल्या चौधरी | प.हे.न. | ४०००। |
| रामचन्द्र पौडेल | | ४०००। |
| संजय शर्मा | ले.पा. | ४०००। |
| कृष्ण प्रसाद चौधरी | सि.अ.हे.व | ४०००। |
| वलराम सापकोटा | सि.अ.हे.व | ४०००। |
| नरेन्द्र प्रसाद भटटराइ | सि.अ.हे.व | ४०००। |
| हरीशंकर प्रसाद | सि.अ.हे.व | ४०००। |
| सुरेश कुमार चौधरी | सि.अ.हे.व | ४०००। |
| उपेन्द्र कुमार कोइरी | सि.अ.हे.व | ४०००। |
| रमेश कुमार पहारी | सि.अ.हे.व | ४०००। |
| मो नजिर नदाफ | सि.अ.हे.व | ४०००। |
| मित्रलाल पगेनी | .अ.हे.व | ४०००। |
| हेमन्त कुमार पटेल | .अ.हे.व | ४०००। |
| सुचिता गुप्ता | .अ.हे.व | ४०००। |

४६. **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ । साथै नियमावलीको नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गराउनु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको कार्यको लागि लागत अनुमान तयार नगरी प्रस्ताव माग गरी सम्झौता गरी भुक्तानी दिएको छ । नियमावलीको व्यवस्था विपरीत लागत अनुमान तयार नगरी परामर्श सेवा खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु. — २७,७१,६६७/-

| गो.भौ.न मिति | कामको विवरण | परमर्शदाताको नाम | रकम |
|---|---|---|---|
| ५६।०७५।६२५ | वडाहरुमा इन्टरनेट कनेक्सनको लागि फिजिवीलीटी अध्ययन गर्न | थाइ आइटेक प्रा.ली. | ४९९९८५। |
| ११०।०७५।७।१९ | पाल्ही वहुमुखी क्याम्पसको डिपिआर तयार गर्न | सिद्धेश्वरी इन्जिनियरीङ्ग सेवा | ४८५७६८। |
| २४७।०७५।१०।१५ | सहकारी र निजी क्षेत्रको कार्यविधि तयार गर्न | अनुगमन तथा मुल्यांकन समाज नेपाल | ४९७२००। |
| २६९।०७५।१०।२२ | पुल निर्माणको डिपिआर तयार | नेशनल कन्सलटेन्ट | ७९१०००। |
| ६०४।०७६।३।२२ | घण्टा घरको डिपिआर तयार गर्न | डेकोर स्टडिया प्रा.ली | ४९७७१४। |
| | | **जम्मा** | **२७७१६६** |

४७. **विद्यालय अनुदान** : नगरपालिकाले माध्यामिक विद्यालय र आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको परीक्षा संचालनको वजेट विनियोजन गरेको छ । विनियोजित वजेट रकम विद्यालयका ४ वटै त्रैमासिक परीक्षा संचालनका लागि माध्यामिक, आधारभुत विद्यालयका प्रति विद्यार्थि रु १०००। र १ देखि ५ सम्मको रु ६००। का दरले विद्यालयले २०७५ सालको भर्ना विवरण पेश गरेको आधारमा मा.वी. १० वटा,आधारभुतका ५२ समेत जम्मा ६२ वटा विद्यालयलाइ रु ४८१३१००। अनुदान दिएको छ । विद्यालयले पेश गरेको विवरण अनुसारका विद्यार्थीहरु परीक्षामा समावेश भए नभएको अनुगमन प्रतिवेदन र विद्यालयको लेखापरीक्षण पेश गर्नुपर्नेमा प्रतिवेदन पेश गरेको छैन । कार्यालयले विद्यालयलाई अनुदान दिएको रकमको अनुगमन प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

४८. **स्थानीयतहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाको सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार ५ नम्वर प्रदेशका स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाका स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको पारीश्रमीक वापत यस वर्ष रु.१३४३९५१२। भुक्तानी गरेको छ ।

| सि.न. | विवरण | प्रमुख | उप प्रमुख | वडा अध्यक्ष | कार्यपाली का सदस्य | न.का.प.स. | खर्च रकम |
|---|---|---|---|---|---|---|---|
| १ | मासीक पारीश्रमीक | ३५००० | ३०००० | २५००० | ८००० | १३००० | १३४३९५१२ |

साथै गतवर्षको पदाधिकारीहरुको पारीश्रमीक सुविधा रु. ९१,२०,०००।- समेत भुक्तानी दिन वांकी रहेको भनी खर्च लेखेको छ ।

४९. **बैठक खर्च :-** प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारी वाहेकका सभाका सदस्यले अनुसुची - १ बमोजिमको बैठक भत्ता वापतको रकम पाउने उल्लेख छ । ऐनको अनुसुची - १ मा कार्यपालीका र सभाको बैठकमा भत्ता प्रति दिन रु.१०००।- का दरले पाउने उल्लेख छ । अनुसुची १ मा वडा समितिको बैठकमा भत्ता लिन पाउने उल्लेख गरेको छैन । प्रदेश अन्तर्गतका स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को भावना विपरीत प्रत्येक महिनामा ३ पटक बैठक वसेको विवरण पेश गरी वडा न. १ देखि वडा न.१८ का वडा समितिले ९००००। का दरले रु १६२००००। बैठक भत्ता खर्च लेखि कर रु २४३०००। कटटी गरी रु १३७७०००। भुक्तानी गरेको छ । सुविधा सम्वन्धी ऐन विपरीत वडा समितिको बैठकमा रु.१०००। का दरले बैठक भत्ता खर्च लेखेकोले उक्त खर्च लेखन पाउने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु . १३,७७,०००/-

५०. **वढी खर्च :** रामग्राम नगरपालिकाको नगर सभाबाट वडा संचालन खर्च चालु तर्फको वजेट वाडफाड गरी वडा कार्यालयमा खर्च गर्ने शिर्षकहरुको उल्लेख गरी वजेटको सिलिङ्ग वाडफाड गरी मिति २०७५।६।२३ मा पत्र पठाएको छ । कार्यालयले वडा न. १८ को लागि रु ३६२०००। वजेट विनियोजन गरेकोमा रु ३८५४३०। भुक्तानी दिएको छ । विनियोजिन वजेट भन्दा रु २३४३०। वढी खर्च गरेको नियमसम्मत नदेखिएको रु . २३,४००/-

५१. **अनुगमन भत्ता -** स्थानीयसरकारसञ्चालन ऐन, २०७४ अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य उपाध्यक्षको संयोजकत्वमा गठित समितबाट हुने व्यवस्था छ । समितिमा रहने पदाधिकारी सम्बन्धमा कार्यालयले कार्यविधि तयार गरी सोही अनुसार अनुगमन गरी भत्ता खर्च लेख्नु पर्दछ । नगरपालिकाको क्षेत्रभित्र संचालित कार्यक्रमहरु जस्तै जेष्ठ नागरीक सम्मान कार्यक्रम, तालिम,अपाङ्गलाई कम्मलवितरण कार्यक्रम,गैर सरकारी संस्था मार्फत संचालित कार्यक्रम लगायतका कार्यक्रममा अनुगमन गरेको भनि कार्यालयले स्थानिय निकायका पदाधिकारी, सदस्य तथा कर्मचारीहरुलाई अनुगमन भत्ता भुक्तानी गरेको छ । नगरपालिकाको आफनो कार्य क्षेत्रभित्र संचालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ । नियमित कार्यको अनुगमन गरेको भनि अनुगमन भत्ता लिनु नियम सम्मत नदेखिएकोले अनुगमन भत्ता खर्चमा नियन्त्रण गर्नपर्दछ । नमुना छनोटको आधारमा परीक्षण गरेकोमा अनुगमन खर्च लेखेको केही उदाहरण देहाय वमोजिम छ ।

| गो .भौ न. | कार्यक्रमको नाम | विभिन्न मितिमा | भत्ता दर | अनुमन खर्च |
|---|---|---|---|---|
| ४२९।०७६।१।२६ | योजना अनुगमन | १५ पटक | १०००। | १३५०००। |
| ४५४।०७६।२।३ | योजना अनुगमन | १६ पटक | १०००। | १४५०००। |
| ५३९।०७६।३।१५ | खोप कार्यक्रमको | ८ पटक | १०००। | ५२०००। |
| ६७३।०७६।३।३० | साना सिचाइ अनुगमन | ५ पटक | १०००। | ५९०००। |
| ३५९॥१२।१९ | अपागंलाइ कम्मल वितरण | १ पटक | १०००। | ५०००। |
| ५८४।०७६।३।२० | महिला अधिकार सम्वन्धी कानुनी सचेतना कार्यक्रम | १ पटक | १२००। | ८४००। |
| | | | जम्मा | ४०४४००। |

५२. **सर्शत अनुदान :** नगर सभाबाट ज्ञान ज्योति निम्न माध्यमिक विद्यालयलाइ शैक्षिक सुधार कार्यक्रम संचालनको लागि रु २०००००। विनियोजित गरेको छ । कार्यालयले विनियोजित रकम विद्यालयलाइ भुक्तानी दिएकोमा उक्त रकम विद्यालयले कुन कुन कार्यक्रम संचालन गरेको सो विल भरपाइ विद्यालयबाट पेश नगरेकोले खर्चको विल भरपाइ पेश गर्नुपर्ने रु २,००,०००।

५३. **विनियोजित रकम भन्द वढी खर्च :** नगरपालिकाले नगर क्षेत्रभित्र योग शिविर संचालनको लागि रु २५००००। वजेट विनियोजित गरेको छ । योग शिविर संचालनको लागि सन्तोष घिमिरेलाइ रु २५००००। पेश्की दिएकोमा मिति २०७५।१२।२२ देखि २०७५।१२।२६ सम्म योग शिविर संचालन

गरी गो.भौ.न. ५३१।०७६।३।५ मा रु २५००००। फछ्र्यौट गरी विभिन्न खर्चको विल राखी रु ४१९१३५। खर्च लेखेको छ । शिविर संचालनको प्रतिवेदन पनि पेश गरेको छैन । कार्यक्रम संचालन गर्नु पहिले लागत अनुमान तयार गरी सोही अनुसार खर्च गर्नुपर्नेमा विना आधार खर्च रकम अपुग भयो भनि खर्च भुक्तानी दिनु नियम सम्मत देखिएन । अत : विनियोजित वजेट भन्दा रु १६९१३५। वढी खर्च लेखेको रकम नगर सभाको वोर्डबाट अनुमोदन गर्नुपर्ने रु — १,६९,१३५।

५४. **लक्षित समुह खर्च :** लक्षित समुहको मागको आधारमा लक्षित समुहको पुजि निर्माण,सेवा प्रवाहमा गुणस्तरीयता सुधार क्षमताको विकासको मापन सुधार गर्न सकिने कार्यमा र आयोजनामा मात्र वजेट विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनै पनि वितरणमुखी कार्यक्रम वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालिकाले वितरणमुखी कार्यक्रममा वजेट वितरण गरी खर्च गरेको छ । नगरपालिकाले वितरणमुखी कार्यक्रममा नियन्त्रण गर्नुपर्दछ । नमुना छनोटको आधारमा परीक्षण गरेकोमा वितरणमुखी कार्यक्रमका केही उदाहरण देहाय वमोजिम छन ।

| गो भौ. न. | वितरीत कार्यक्रम | रकम |
|---|---|---|
| २३८।२०७५।१०।९ | जेष्ठ नागरिकलाई कम्मल वितरण | १५००००। |
| ६३५।२०७५।६।३।२५ | लोपन्मुख वर्गलाइ भाडा वितरण | २०००००। |
| ३५९।२०७५।१२।१९ | अपाङ्गलाइ कम्मल वितरण | १०००००। |
| ४१४।२०७५।१।२३ | जेष्ठ नागरिकलाई छाता दोसल्ला वितरण | १०००००। |
| ५२२।२०७६।३।४ | जेष्ठ नागरिकलाई औषधी वितरण | ५००००। |

५५. **मु.अ.कर समायोजन** : आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रमको कार्यान्वय गर्ने क्रममा २०७६।७७ को २०७६।२।१५ को वजेट वक्तव्य अनुसार मुल्य अभिवृद्धि कर नियमावली,२०५३ मा संसोधन भए अनुसार निर्माण व्यवसायी वा आपुर्तिकर्तालाइ कर विजक वापत मुल्य अभिवृद्धिकर कर रकम भुक्तानी गर्दा ५० प्रतिशत मुल्य अभिवृद्धिकर कर रकम कटटा गरी निजको नामबाट सम्वन्धीत राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.न.६८५।२०७६।३।३१ बाट जय गुरुदेव वोरिङ्ग जडान उद्योगलाइ मुल्य अभिवृद्धि कर रु २५२७७२। समेत रु २१९७१७२। रकम भुक्तानी गरेकोमा निजले पेश गरेको कर विजकमा ०८,०९,२०७६।३।२३ उल्लेख गरेकोले रितपुर्वकको विजक पेश नगरेकोले मुल्य अभिवृद्धिकर दाखिला गरेको भनि विश्वस्त हुन नसकिएकोले उक्त रकम रु २५२७७२। कर समायोजन पत्र पेश हुनुपर्ने अन्यथा असुल गरी दाखिला हुनुपर्ने रु . — २,५२,७७२।

५६. **नर्म्स भन्दा वढी खर्च :** प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश न.५ को खर्च मापदण्ड निर्देशिका, २०७५ को सि.न. ४ मा सम्वन्धित कार्यालयले संचालन गरेको गरेको तालिममा सोही कार्यालयका स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापत पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने उल्लेख छ । निम्न कार्यक्रम संचालन गरी भुक्तानी गरेकोमा खर्चको मापदण्ड विपरीत कक्षा लिएकोमा भत्ता दिएकोले उक्त भत्ता रकम असुल गर्नुपर्ने रु — ४४,८८०।

५७.

| गो .भौ न.मिति | व्यहोरा | प्रशिक्षकको नाम | कक्षा | दर | रकम |
|---|---|---|---|---|---|
| १५३।०७५।८।२१ | घुम्ती तालिम धान,तरकारी | वाल गोविन्द त्रिपाठी | ११ | १२०० | ११२२०। |
| | | पशुपतिनाथ चौधरी | २२ | १२०० | २२४४०। |
| | | रतीकला चौधरी | ११ | १२०० | ११२२०। |
| | | | | जम्मा | ४४८८०। |

५८. **वहुक्षेत्रिय पोषण कार्यक्रम** : १००० दिनका आमाहरुको लागि गो.भौ.न. २४।२०७६।३।२३ वाट कार्यालयले वायो स्याण्ड आर्सेनिक जाँच तथा फिल्टर २२ थान खरिद गरी रु १९९९९८। खर्च लेखेको छ । खरिद गरेका फिल्टर वितरण गरेको भरपाई पेश नभएकोले कुन कुन आमासमुहलाइ वितरण गर्ने सो निर्णय सहित वितरण गरेको भरपाइ पेश गर्नुपर्ने रु. — १९९९९८।

५९. **व.उ.शि.न. ८०८४७४०२५०६ :**
स्थानिय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना कार्यक्रम अन्तर्गत रावण खण्ड पुल निर्माणको लागि निर्माण व्यवसायी पालुस्थान निर्माणसेवासंग रु १२१६८१३९।६३ (भ्याट सहित) मा मिति २०७६।१०।२० मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७६।२।२१ का सम्झौता भएको छ । निर्माण कार्यको लागि यस वर्ष रु ४६,००,०००।- खर्च भएकोमा निम्न व्यहोरा देखियो :

५९.१. **वीमा :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढीको

<table>
<tr><td></td><td>निर्माण कार्य गर्दा मेशिन,औजार वा प्लान्ट लागयतको वीमा गर्नपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले पुल निर्माणको कार्य गर्दा विमा गराएको पाइएन । अतः कानुनको पालना गरी निर्माण कार्यको विमा गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६०.</td><td>वैक जमानत - सार्वजनिक खरिद नियमावली २०६४,को नियम ११० मा स्वीकृत वोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले कार्य सम्पादन जमानतको मान्य अवधी निर्माण कार्यको त्रुटि सच्याउने दायीत्वको अवधी भन्दा कम्तीमा एक महिना वढीको हुनुपर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार कार्यसम्पादन जमानतको मान्य अवधी २०७७ साल फागुन २० सम्मको हुनपर्नेमा निर्माण व्यवसायीले रु १७१४१००। को जनता वैकमा राखेको जमानतको मान्य अवधी २०७७ साल जेठ २० गते सम्म रहेको छ । अत : निर्माण व्यवसायीले नियममा भएको व्यवस्था अनुसारको कार्यसम्पादन जमानत राखनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६१.</td><td>पेश्की - निर्माण व्यवसायी पालुस्थान सेवालाइ मिति २०७६।३।२३ मा पेश्की दिएकोमा आर्थिक वर्षको अन्त सम्ममा पनि रु १५६७०००। फछ्र्यौट नभइ वाकी रहेकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्ने रु</td><td>१५,६७,०००।</td></tr>
<tr><td>६२.</td><td>भाडाकर - आयकर ऐन, २०५८ को दफा ८७ अनुसार बहालकरमा १० प्रतिशत कर लाग्ने व्यवस्था छ । कार्यालयले दाउन्ने देवि महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको घरभाडा बापत मासिक रु. १६५००। का दरले बार्षिक रु. १९८०००।- भुक्तानी गर्ने गरी वडा नं. ५ बस्ने सन्तलाल वि.क संग सम्झौता भएकोमा नियमानुसार कट्टि गर्नुपर्ने घरबहाल कर रु.१९८००।- र सम्झौता अनुसार करकट्टि गरी रु.१४८५०।- भुक्तानी गर्नुपर्नेमा रु. १५०००।- भुक्तानी गरेकोले बढि भुक्तानी रु. १८००। गरी जम्मा रु. २१६००। असुल हुनुपर्ने रु.</td><td>२१६००/-</td></tr>
<tr><td>६३.</td><td>विमा गराउनुपर्ने - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौता अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च, निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने हानी नोक्सानीको विमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले निम्न कार्यको लागि निर्माण व्यवसायीहरुसंग सम्झौता भई जेनेरल कन्डिसन अफ कन्ट्राक्टमा विमा सम्बन्धी प्रावधानको व्यवस्था भएकोमा सोको पालना भएको देखिएन । यसमा सुधार हुनपर्दछ ।
<table>
<tr><th>क.स</th><th>फर्मको नाम</th><th>कार्य विवरण</th><th>सम्झौता रकम</th><th>विमा सम्बन्धि प्रावधान</th></tr>
<tr><td>१.</td><td>समिर कन्स्ट्रक्सन</td><td>Construction of compound wall for playing ground</td><td>७३७९९०८.७१</td><td>GCC 14</td></tr>
<tr><td>२.</td><td>पाठक कन्स्ट्रक्सन</td><td>विश्राम गृह तथा शौचालय निर्माण</td><td>२४२३८२४.०१</td><td>GCC 14.2</td></tr>
</table></td><td></td></tr>
<tr><td>६४.</td><td>कार्यसम्पादन जमानत - सार्वजनिक खरिद ऐनको दफा २७(४) अनुसार कार्यसम्पादन जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्ने उल्लेख छ । तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत हाट बजार ट्रस्ट निर्माण (संकलन र विक्रि केन्द्र) कार्यको लागत अनुमान रु. १,१२,५९,३०३।- (भ्याट सहित) रहेकोमा कम कबोल गर्ने शुभ लक्ष्मी कन्स्ट्रक्सन प्रा.लि सँग मिति २०७६ जेष्ठ १५ मा रु. ७२०३८९४।४१ ( भ्याट सहित) मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । ऐनको व्यवस्था बमोजिम रु.१५४३४५१- कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा रु. १२२४४३८। को मात्र कार्यसम्पादन जमानत पेश गरेकोले मिति २०७७।४।१४ सम्मको नपुग रु.३१९०१३। को कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु.</td><td>३,१९,०१३/-</td></tr>
<tr><td>६४.१.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्य सम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा</td><td></td></tr>
</table>

उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायविलिटिजी) को अवधि भन्दा कम्तिमा एक महिना बढि अवधिको हुनुपर्ने व्यवस्था छ । तर यस कार्यालयबाट भएका निम्न निर्माण कार्यको कार्य सम्पादन जमानतको म्याद सो अनुसार लिएको देखिएन । निर्माण कार्य समाप्त गर्न तोकिएको अवधि भन्दा थप १३ महिना पछि सम्मको रु. ३६९०००।- को कार्य सम्पादन पेश गर्नुपर्ने देखिन्छ ।

| निर्माण व्यवसायी | निर्माण कार्य | निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि | पेश भएको कार्य सम्पादनको अवधि | हुनुपर्ने कार्य सम्पादनको अवधि | रकम रु |
|---|---|---|---|---|---|
| समिर कन्स्ट्रक्सन | Construction of compound wall for playing ground | २०७६/३/२५ | २०७७/२/२७ | २०७७/४/२४ | ३६९०० |
| पाठक कन्स्ट्रक्सन | विश्राम गृह तथा शौचालय निर्माण | २०७६/३/१५ | २०७७/२/१८ | २०७७/४/१४ | १२११९ |

६५. **बढि भुक्तानी :-** प्रदेश सरकार सर्शत अनुदानबाट कार्यालयले खेल मैदानको कम्पाउण्ड वाल निर्माणको लागि समिर कन्स्ट्रक्सनसँग मिति २०७६।२।२८ मा रु. ७३७९९०८।७१ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा गो.भौ.नं. ३-२०७६।३।२५ र गो.भौ.नं. ५-२०७६।३।३१ बाट रु. ७४१९७८७।८८ भुक्तानी दिएकोले बढि भुक्तानी भएको रु. ९३,७६४। असुल हुनुपर्ने रु. ९३७६४/-

६६. **रकम फिर्ता :-** सर्शत अनुदान बापत संघिय सरकार र प्रदेश सरकारबाट निकासा भई आएको रकम खर्च नभई बाँकी रहेमा बाँकी रकम सम्बन्धित सरकारको सञ्चितकोषमा फिर्ता पठाउनुपर्दछ । कार्यालयले सर्शत अनुदान अन्तर्गत निम्न शिर्षकमा बाँकी रहेको रु.३,४६,३८९। स्थानीय सञ्चित कोषमा दाखिला गरेकोले सो रकम सम्बन्धित सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रु. ४,४८,८४६/-

| क्र.स | कार्यक्रमको नाम | खर्च नभई बाँकी रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | प्रदेश सर्शत अनुदान | ८०२१२ | प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने |
| २. | पर्यटन पुर्वाधार विकास कार्यक्रम | ७६१७६ | संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने |
| ३. | स्थानीय पुर्वाधार विकास साझेदारी | १९०००१ | संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने |
| ४. | तराई मधेश समृद्धि कार्यक्रम | १०२४५७ | संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्ने |
| | **जम्मा** | **४४८८४६** | |

**सामाजिक सुरक्षा तर्फ**

६७. **तथ्यांक अध्यावधिक** :-सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरीसामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन । कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ ।

६८. **सार्वजनिक सुनुवाई :-** गाँउपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । गाँउपालिकाका कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ ।

६९. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको अनुसुची -५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ ।

वडा अनुसारको अध्यावधिक विवरण गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्थाछ । यो वर्ष सामाजिक सुरक्षा वापत नगरपालिकाले रु.६,८२,६९,४००/- खर्च गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौट भएपश्चात दोश्रो र दोश्रो किस्ता फछ्र्यौट गरी तेश्रो किस्ता निकासा दिई फछ्र्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा एक आर्थिक बर्ष सम्म नै रहन सक्ने हुदाँ पेश्की जनाई सोको फछ्र्यौट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ

६९.१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा २२ अनुसार बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने र बुदाँ २४ अनुसार एउटा स्थानीय तहको क्षेत्रमा एक वा सो भन्दा बढी बैङ्क वा वित्तीय संस्था क्रियाशील भएमा सामाजिक सुरक्षा भत्ता वितरणको लागि नेपाल राष्ट्र बैङ्कको ईजाजत प्राप्त (क), (ख), वा (ग) वर्गको एक वडामा एक भन्दा बढि बैङ्क नपर्ने गरी बैङ्क वा वित्तीय संस्थाको छनोट गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यस आर्थिक बर्ष बालबालिका पोषण भत्ता बापत रु.३६७९६००।- नगद वितरण गरेको छ । यसरी वितरण गर्दा रकमको दुरुपयोग हुन सक्ने हुदाँ कार्यालयले सबै किसिमका सामाजिक सुरक्षा भत्ता वितरणमा बैडकिङ प्रणालीको प्रयोग गर्नुपर्दछ ।

**विषयगत कार्यक्रमको परीक्षणबाट देखिएका व्यहोरा**

७०. **नर्म्सभन्दा बढी भुक्तानी** - प्रदेश नं.५ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बुदा नं.४.४ र ४.१५ अनुसार तालिम केन्द्रहरु बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक गाउँपालिकास्तरीय भएमा अधिकृतस्तरको लागि कार्यपत्र बापत रु. १०००। र कक्षा सञ्चालन बापत रु. ८००। गरी रु. १८०० । र सहायक स्तरको कर्मचारीको लागि कार्यपत्र बापत रु. ८०० र कक्षा सञ्चालन बापत रु. ७०० गरी जम्मा रु.१५००। भुक्तानी गर्न सक्ने व्यवस्था छ । तर सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउन सक्ने तथासंयोजक भत्ता बापत रु. ४०० र एक दिनको प्रतिवेदनको पारिश्रमिक रु.१०००। पाउने व्यवस्था छ । कार्यालयले निम्न गोश्वारा भौचरबाट विभिन्न कार्यक्रमको लागि नर्म्स भन्दा बढी भुक्तानी भएको रु.६,५००। मध्ये भुक्तानीमा १५ प्रतिशत कर कट्टा गरेको रकम घटाउदा बाँकी रु.५,५२५/-असुल हुनुपर्ने रु. ५५२५/-

| गो.भौ.नं. मिति | कार्यक्रमको नाम | कर्मचारीको नाम | दिन | भुक्तानी लिएको | नियमले पाउने | बढी भुक्तानी | कैफिय |
|---|---|---|---|---|---|---|---|
| १३४-२०७६/३/३० | सार्वजनिक शिक्षा सवलीकरणका लागि अन्तरक्रिया | रुद्र प्रसाद रेग्मी | १ | १५०० | १००० | ५०० | प्रशि |
| | युवा सञ्जाल गठन | रुद्र प्रसाद रेग्मी | १ | १५०० | १००० | ५०० | प्रशि |
| | सिपमुलक तालिम अभिमुखिकरण | रुद्र प्रसाद रेग्मी | २ | ३००० | २००० | १००० | प्रशि |
| | युवा सञ्जाल र नमुना संसद अभ्यास | रुद्र प्रसाद रेग्मी | ४ | ६००० | ४००० | २००० | |
| | युवा सञ्जाल र नमुना संसद अभ्यास | बल्लभचार्य गिरी | ३ | ४५०० | ३००० | १५०० | प्रशि |
| | सिपमुलक तालिम अभिमुखिकरण | बल्लभचार्य गिरी | १ | १५०० | १००० | ५०० | |
| | सिपमुलक तालिम अभिमुखिकरण | बाबुराम रेग्मी | १ | १५०० | १००० | ५०० | |
| | | | | | | ६५०० | |

७०.१. **संयोजक भत्ता-** प्रदेश ५ सरकारले प्रकाशन गरेको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बमोजिम संयोजक भत्ता बापत अधिकतम १५ कार्यदिन सम्म १५ दिनको ४००।- का दरले र १५ दिन पछि दैनिक २००।- का दरले मात्र भुक्तानी पाउने व्यवस्था गरेको छ । कार्यालयले निम्न कार्यक्रमको संयोजकहरुलाई निम्नानुसारको रकम भुक्तानी गरेकोले बढि भुक्तानी रकम असुल गर्नुपर्ने रु. २४००/-

| गो.भौ.नं. मिति | कार्यक्रमको नाम | कर्मचारीको नाम | दिन | भुक्तानी लिएको | नियमले पाउने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १३४-२०७६/३/३० | नगरस्तरीय युवा सञ्जाल र नमुना संसद अभ्यास | रुद्र प्रसाद रेग्मी | २ | २००० | ८०० | १२०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिपमुलक तालिम अभिमुखिकरण | बल्लभचार्य गिरी | २ | २००० | ८०० | १२०० |

७०.२. **यातायात खर्च -** सरकारी सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले यातायात खर्च वापत रकम लिन मिल्ने देखिंदैन । कार्यालयवाट संचालन भएका अधिकांश तालिम गोष्ठि लगायत जस्ता कार्यक्रममा अनुगमन गरेको भनी निम्नानुसारका पदाधिकारीले यातायात खर्च लिने गरेको पाईयो । नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्न कार्यक्रममा यातायात खर्च लिएको देखिएको रकम असूल हुनुपर्ने रु. २०००/-

| भौ.नं. मिति | पदाधिकारीको नाम | कार्यक्रमको नाम | दिन | कर कटाई यातायात रकम |
|---|---|---|---|---|
| १३४-२०७६/३/३० | नगरप्रमुख नरेन्द्र कुमार गुप्ता | युवा क्लव र युवा संसद स्थापना र सञ्चालन | १ | १००० |
| | प्र.प्र.अ बाबुराम रेग्मी | युवा क्लव र युवा संसद स्थापना र सञ्चालन | १ | १००० |

७०.३. **अनुगमन खर्च :** प्रदेश नं. ५ अर्न्तगतका स्थानिय तहका पदाधिकारी तथा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ को दफा १३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैन भन्ने उल्लेख छ । सो ऐनमा अनुगमन वापतको खर्च भूक्तानी गर्न पाउने उल्लेख छैन । नगरपालिकाले अनुगमन खर्च बापत प्रति व्यक्ति रु. १०००। भुक्तानी गरेको छ । कार्यालयले निम्न कार्यहरुको अनुगमन गरेबापत निम्न पदाधिकारी र कर्मचारीहरुलाई ऐन विपरीत नगरसभाको निर्णयवाट भुक्तानी गरेकोले भुक्तानी गर्न मिल्ने नदेखिएको रकम रु.१९००० मा करकट्टि पछिको रु.१६१५०।-असूल हुनुपर्ने रु १६१५०/-

| गो.भौ.नं. मिति | अनुगमन गरेको कार्यक्रम | पदाधिकारी तथा कर्मचारीको नाम | अनुगमन दिन | भुक्तानी दर | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|
| १३४-२०७६/३/३० | वडास्तरिय युवा क्लव गठन | न.प्र नरेन्द्र कुमार गुप्ता | ३ | १००० | ३००० |
| | | न.उ.प्र. रम्भा कुँवर | ३ | १००० | ३००० |
| | | प्र.प्र.अ बाबुलाल रेग्मी | ३ | १००० | ३००० |
| | | उपसचिव रुद्र प्रसाद रेग्मी | ३ | १००० | ३००० |
| | | शा.अ राजन श्रीवास्तव | ३ | १००० | ३००० |
| | | स्रो.व्य बल्लभाचार्य गिरी | २ | १००० | २००० |
| | | ले.पा सञ्जय शर्मा | २ | १००० | २००० |
| | | | | **जम्मा** | **१९०००** |

७१. **बढि ग्रेड भुत्तानी:-**कार्यालयले कोष तथा लेखानियन्त्रक कार्यालयबाट पारित गरेको तलबी प्रतिवेदन अनुसार कर्मचारीहरुको तलबभत्ता भुक्तानी गरिनुपर्दछ । कोष तथा लेखानियन्त्रक कार्यालयबाट गतबर्ष पारित तलवि प्रतिवेदनबाट ग्रेड संख्या भिडान गर्दा मझरिया स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी श्री रिता रेग्मीलाई पारित ग्रेड संख्या ३ भन्दा १ ग्रेड थप भुक्तानी भएकोले बढि भुक्तानी भएकोग्रेड रु. ७८३। ले फाल्गुन महिना सम्म थप सञ्चयकोष र दशै सहित रु.६८१२ अशुल हुनुपर्ने रु. ६८१२/-

७२. **औषधि परीक्षण :** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि" भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष रु.२८,५०,२९४/- को औषधि खरिद गरेको छ । कार्यालयबाट खरिद भएका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधी तथा सर्जिकल सामानहरु मध्ये नमुना परीक्षण गर्दा ३ वटामा निःशुल्क वितरणको लोगो नलगाएको, २ वटामा Institution supply only, ४ वटामा supply for MOHP र १ वटामा नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमको लागि लेखेको पाइयो । जुन स्वीकृत लोगो भन्दा फरक देखिन्छ । यसबाट निर्देशिकाले निर्दिष्ट गरेको विषयलाई पालना भएको देखिएन । यस तर्फ कार्यालयको ध्यान जान जरुरी छ ।

| क्र.सं | औषधि/सर्जिकल सामानको नाम | निःशुल्क वितरण लोगो |
|---|---|---|
| १. | Doxycycline capsule ip | For instution supply only |
| २. | vita bic | For instution supply only |
| ३. | Nemox 500 | निःशुल्क वितरणको लागि |
| ४. | paracetamol tab bp 500 | लोगो नलगाएको |

| | | |
|---|---|---|
| ५. | Albendazole tab | लोगो नलगाएको |
| ६. | Relyte | लोगो नलगाएको |
| ७. | cifloquin 250 | supply for MOH |
| ८. | ciprofloxacin hcl 250 | supply for MOH |
| ९. | ferrous sulphate | supply for MOH |
| १०. | Metranidazole tab | supply for MOHP |

७३. **शिक्षक अनुदान -**शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.६३६ मा साविक जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी संचालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहतकोटा अनुदान प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापनको लागि अनुदान दिने व्यवस्था छ । कार्यालयले अनुदान र आर्थिक सहायता सम्बन्धी निर्देशिका २०७५ अनुसार अनुदान तलवी प्रयोजनमा खर्च गरि निजी/स्वयंम् सेविका शिक्षक भर्ना/ नियुक्ति गर्न सकिने आधारमा गाउँपालिका तर्फबाट रु.२६,००,०००/- भुक्तानी गरेको छ । कार्यालयले गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा सः शर्त तर्फबाट शिक्षक तलब भतामा रु.८,६७,९४,३७३/४९निकासा भएको छ । यस सम्बन्धमा विद्यालय शिक्षक दरबन्दी मिलान वेगर नै निजी स्रोतका शिक्षकलाई तलब भत्ता निकासा दिएको तथा कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए प्रतिस्पर्धात्मक तवरले छनौट गरि शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र निजी स्रोतका शिक्षक नियुक्ति गर्नु पर्दछ । यस सम्बन्धमा छानविन गरी शिक्षक नियुक्ती, हाजिरी, नियमित पठन पाठनको प्रमाण पेश हुनुपर्ने रु. २६०००००/-

७४. **अनुदानको अनुगमन**: कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। कार्यालयले निम्न सामुदायिक सिकाई केन्द्र र विद्यालयलाई विभिन्न शीर्षक अन्तर्गत रहेर रु.८४,९८,८००/- अनुदान निकासा दिएकोमा विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने देखिएको छ ।

| सि. नं. | गोश्वारा भौचर मिति | अनुदान प्राप्त संस्थाको नाम | अनुदान रकम रु. |
|---|---|---|---|
| १. | ११-२०७६/६/२५ | १ विशेष शिक्षा सञ्चालन र ४ सामाजिक सिकाई केन्द्रलाई अनुदान | १३४४०० |
| २. | १२-२०७५/७/१६ | जनता मा.वि डैनहवाल्याव व्यवस्थापन र शिक्षण सिकाई सामाग्रि खरिद | १०८०००० |
| ३. | १५-२०७५/६/१६ | ४ मदरसाहरुलाई धार्मिक तथा बैकल्पिक विद्यालय अनुदान | ९६४००० |
| ४. | ४५-२०७५/११/२ | ४ सामुदायिक सिकाई केन्द्रलाई अनुदान | १४०४०० |
| ५. | ५३-२०७५/१२/१३ | ११ विद्यालयहरुलाई विभिन्न शिर्षकमा अनुदान निकासा | ३५००००० |
| ६. | १३१-२०७६/३/३० | ७ विद्यालयहरुलाई शिक्षण सिकाई अनुदान | २६८०००० |
| | | **जम्मा** | ८४९८८००/- |

७५. **कार्य सम्पन्न प्रतिवेदन** :- सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने र १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ । कार्यालयले निम्न विद्यालयको भवन निर्माण र पानी तथा सरसफाई सुविधा सहितको शौचालय निर्माणको लागि रु.४६,००,०००।- खर्च लेखेकोमा सो खर्चलाई पुष्टायाई गर्ने लागत अनुमान, नापि, कार्यसम्पन्न प्रतिवेदन जस्ता प्राविधिक नापजाँच मूल्याङकन संलग्न गरी भुक्तानी गरेको पाइएन । अत सो कार्यको लागत अनुमान, नापि अभिलेख र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. ४६,००,०००/-

| गो.भौ.नं. मिति | विद्यालयको नाम | निर्माण कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| ५३,१२३-२०७६/३/२८ | जनता मावि देवगाँव | पानी र सरसफाई सहितको शौचालय निर्माण | ७००००० |
| | जनता मा.वि परसावल | पानी र सरसफाई सहितको शौचालय निर्माण | ७००००० |
| ७९,१२३-२०७६/३/२८ | जनता मा.वि डैनहवा | २ कोठे भवन निर्माण | १६००००० |
| | उत्तम बालहित मा.वि उजैनी | २ कोठे भवन निर्माण | १६००००० |
| | | जम्मा | ४६००००० |

| | | |
|---|---|---|
| ७६. | **शिक्षक दरवन्दी -** नगरपालिकाले दरवन्दी अनुसारको पदपुर्ति गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा नमुना छनोट गरी परीक्षण गर्दा जनता मा.वि सुक्रौलीमा आ.व २०७५ सालको मा.वि दरवन्दी २ रहेकोमा दरवन्दी भन्दा बढि थप १ जना पदपुर्ति भएको पाइयो । उक्त विद्यालयमा सिद्धार्थ उ.मा.वि कुष्मामा दरवन्दी कायम भएका शिक्षक श्री केशव प्रसाद पाण्डेय यस आर्थिक बर्षको चैत्र सम्म सो विद्यालयमा कार्यरत रही प्रथम र दोश्रो चौमासिक तलब भत्तामा रु.३,६७,९१३/-खर्च लेखेको छ । यसरी स्वीकृत दरवन्दी भन्दा बढि पदपुर्ति गराई तलबभत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु. | ३६७९१३/- |
| ७७. | नगरपालिकाबाट प्राप्त विवण अनुसार उत्तम बालहित मा.वि रामग्रामका शिक्षकश्री परमहंश प्रसाद गौड मिति२०७५/५/२८ मा अवकास भएको देखिन्छ । तर नीजहरुको नाममा अवकाश पछिको २०७५/५/२९-७/३० अवधिको समेत तलव भत्ता निकासा गएकोले बढी निकासा गएको रकम रु. १,०९,१६०/- असुल हुनु पर्ने रु. | १,०९,१६०/- |
| ७८. | **दिवा खाजा :-** विद्यालय क्षेत्र विकास कार्यक्रम , कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५/७६ को क्रियाकलाप नम्वर २.१५.११.७७७ अनुसार दिवा खाजा उपलव्ध गराउने जिल्लाका विद्यालयहरुलाई दिवा खाजा बापतको रकम निकासा दिदा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर निकासा दिने र स्थानीय तहले दिवाखाजा उपलव्ध गराइएका विद्यालयहरुको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या एकिन भए पश्चात मात्र निकासा गर्ने र यसरी तेश्रो चौमासिक निकासा गर्दा पहिलो र दोश्रो चौमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने उल्लेख छ । कार्यालयले यस बर्ष विभिन्न ६ विद्यालयहरुलाई गो.भौ.नं. ४९-२०७५।११।१२ बाट रु. ४६७२८०। र गो.भौ.नं. ७८-२०७६।१।३० बाट रु.३३३७२०। गरी जम्मा रु. ८,०१,०००।- दिवा खाजा खर्च लेखेकोमा कार्यक्रम कार्यान्वयन पुस्तिकाले निर्धारण गरे बमोजिमको विद्यार्थी संख्या र रुजु हाजिरी लेखापरीक्षण समक्ष पेश भएन । दिवा खाजा खर्च पाउने विद्यालयका विद्यार्थीहरुको संख्या र रुजु हाजिर बेगर खर्च लेख्ने कार्य मनासिव नदेखिएको रु. | ८,०१,०००/- |
| | **आन्तरिक आयतर्फ** | |
| ७९. | कार्यालयको आन्तरिक आय सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन्: | |
| ७९.१. | कार्यालयको बार्षिक अनुमानित आय अनुसार रेडियो एफ. एम सञ्चालन दस्तुर, अखेटोपहार कर न्यायिक दस्तर, साना सवारी कर लगायतका शिर्षकबाट रु.४९५०००। राजश्व उठाउने लक्ष्य राखेकोमा उल्लेखित शीर्षकमा आयनै भएको देखिएन । अतः प्रक्षेपित आय उठाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ७९.२. | कार्यालयले योवर्ष नगदी रसिद कट्टा गरी नगदी रसिदको दैनिक आवर्जे, म.ले.प.फा.नं. १०८ तयार गरेको छैन । नगदी रसिद छापी रसिद नियन्त्रण खाता राखेपनि अघिल्लो वर्षको बांकी रसिद र यसवर्ष छपाई गरी वडा कार्यालयहरुमा पठाएको रसिदको दोस्रो प्रति कार्यालयमा प्राप्त गरी दैनिक रुपमा काटिएका नगदी रसिदहरुको अभिलेख तयार गरेको छैन । त्यस्तै बैंकमा दाखिला भएको रकमको आधारमा गोश्वार भौचर उठाएको देखिन्छ । दैनिक जोडजम्मा गर्दै मासिक जोड जम्मा गरी वार्षिक रुपमा स्पष्ट देखिने गरी राजश्व प्राप्त भएको अभिलेख तयार नगरेकोले कार्यालयले प्राप्त गर्नुपर्ने राजश्व रकम सम्बन्धमा यकिन गर्न सकिएन । | |

७९.३. **सफ्टवेयरको प्रयोग –** गाउँपालिकाले यो वर्ष गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक बर्षको विचमा आएर साङ्ग्रिला सफ्टवेयर प्रयोग गरी राजश्व आम्दानी गरेको छ । सफ्टवेयरले देखाएको आम्दानीलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सो सँग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभाव परीक्षणको सिमा भन्दा वाहिर रहेको छ । सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिताका विषयमा कार्यालयले ध्यान दिनु पर्दछ ।

७९.४. सफ्टवेयरको प्रयोग गरी राजश्व आम्दानी गर्दा रद्ध भएका रसिदहरुको चेक एण्ड व्यालेन्सको लागि एक तह भन्दा माथिबाट सोको निरिक्षण भई गल्ती भएका रसिदहरु पनि एक तह भन्दा माथिबाट नै सच्याउने व्यवस्था मिलाउनुपर्दछ । सफ्टवेयरको साधारण परिक्षणबाट रसिद काट्नेले नै सो गल्ती सच्याई नगदि रसिद रद्ध गर्न मिल्ने देखियो । यसबाट कार्यालयले यथार्थ राजश्व आम्दानी गरेको छ भन्ने सम्बन्धमा आश्वस्थ हुन सकिएन ।

७९.५. कार्यालयले वडागत राजश्व आम्दानीको विवरण तयार गरी सो अनुसार राजश्वको एकिकृत विवरण तयार गर्नुपर्दछ । वडाबाट प्राप्त हुने वडागत राजश्वको विवरण कार्यालयले तयार गरेको छैन । जसबाट वडाबाट प्राप्त हुने सबै खालका राजश्व प्राप्त भए भनी एकिन हुन सकिएन ।

७९.६. नगरपालिकाले सटर भाडा बापतको आम्दानी मासिक रुपमा प्राप्त गरी सञ्चितकोषमा दाखिला गर्नुपर्दछ । नगरपालिकाको कार्यालयले आफ्नो मातहतमा रहेका ३८ वटा सटरहरु भाडामा लगाएकोमा कुन कुन सटर बाट कुन कुन महिनामा कति आम्दानी भयो र कुन अवधिमा कुन सटरलाई नविकरण गर्नुपर्ने हो सो को विवरण तयार गरी श्रेस्ता साथ संलग्न गरी राखेको छैन । यसबाट कार्यालयले मासिक रुपमा पाउनुपर्ने सटर भाडा आम्दानी प्राप्त भएको छ भनी एकिन हुन सकिएन ।

७९.७. कार्यालयले प्राकृतिक श्रोतको विक्रि गर्दा वातावरणीय प्रभाव मूल्याङकन रिर्पोटले निर्धारण गरेको परिमाणमा श्रोतको उत्खनन गरी सोही अनुसार पदार्थको विक्रि भयो भएन सोको अनुगमन गर्नुपर्दछ । नगरपालिकाले यो बर्ष भरही खोलाबाट २२३०१ घनमिटर रु. २२०३६१५।२६ मा र तुरिया खोलाबाट २६१६२ घनमिटर रु. ११६६०९२। मा नदिजन्य पदार्थको उत्खनन गर्ने गरी ठेक्कामा लगाएकोमा वातावरणीय प्रभाव मूल्याङकन रिर्पोटले निर्धारण गरे बमोजिमको परिमाणमा नदिजन्य पदार्थको उत्खनन भएको छ छैन सोको अनुगमन गरेको छैन । सो रिर्पोटले तोकेको परिमाणमा मात्र पदार्थको उत्खनन गर्ने र सोको अनुगमन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**बेरुजु फछ्र्यौट र सम्परीक्षण**

**बेरुजुको अद्यावधिक स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । कार्यालय प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ सम्मको बाँकी बेरुजु रु. ३५९२७ हजार मध्ये रु. ५०६ हजार फछ्र्यौट भई रु.३५४२१ बाँकी रहेकोमा यसवर्ष रु.३,५५,०४,९८१।- बेरुजु थप भई रु.७,०९,२६,१३१।- पुगेको छ ।

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यसवर्ष फछ्र्यौट | बाँकी बेरुजु | यो वर्षको सं प.बाट कायम बेरुजु रु. | यो वर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|---|---|
| ३५९२७००० | ५०५८५० | ३५४२११५० | ० | ३६३४८८६०.०० | ७१७७००१०.० |

**बेरुजु अनुगमन-** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७४को दफा ४० बमोजिम कार्यालयलवाट आर्थिक वर्ष २०७४।७५ मा कायम वेरुजु मध्ये निम्नानुसारको बेरुजु फछ्र्यौट गरी लेखापरीक्षणको क्रममा लगत कट्टाको लागि अनुरोध गरेकोमा फछ्र्यौट मनासिव देखिएकोले लगत कट्टा गरिएको छ ।

| आर्थिक वर्ष | दफा | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|
| २०७४।७५ | १५ | वढी भुक्तानी वैक दाखिला प्रमाण पेश रु | १४७५०। |
| | १७ | मु.अ.कर दाखिला गरेको प्रमाण पेश रु | ७२३५७८८ |
| | १९ | बक्यौता रकम दाखिला गरेको प्रमाण पेश रु | १६५०००। |
| | २३ | विल भरपाइ नभएको रु ६००० मध्ये रु १५००। | ६०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वैक दाखिला अन्य वाकी रु ४५००। भरपाइ पेश रु | | |
| | | २५ | राजश्व दाखिला गरेको प्रमाण पेश रु | १५००००। | |
| | | २७ | वढी अनुदान रकम दाखिला गरेको प्रमाण पेश रु | ९७७४६।२५ | |
| | | | **जम्मा** | **५०५८५४।१३** | |

# रामग्राम नगरपालिका
# सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

**अनुसूची- १ (रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | सरावल | नवलपरासी | ४०३४० | १६२८०० | २६८७१२ | १९५११८ | ६२६६२० | ३४९३४० | १५९०९९ | १४७८४ | ५२३२१३ | १४३७५७ |

# बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**अनुसुची २ (रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | नवलपरासी | सरावल | ३५ | ४६ | ३६३४९ | ० | ० | ० | ३५ | ४६ | ३६३४९ | २९२७ | २०६९३ | ११११६२ | ० | ० | ३१८५५ | ० | १५६७ | १५६७ |

# अद्यावधिक वेरुजू स्थिती

**अनुसूची- ३ (रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | सरावल | नवलपरासी | ३५९२७ | ५०६ | ३५४२१ | ० | ३६३४९ | ७१७७० |